संकलनकर्ता र सम्पादक
शिबकुमार श्रेष्ठ
सह-प्राध्यापक
धनकुटा बहुमुखी क्याम्पस

प्रकाशक : गुनिलो प्रकाशन, काठमाडौं, नेपाल
सर्वाधिकार : संकलकनकर्ता र सम्पादक
संस्करण : तेस्रो
मुद्रण : गुनिलो प्रेस, कमलादी, काठमाडौं ।

छन् । उनै राई र लिम्बूहरुका समाजमा पाइएका लोककथाहरु प्रस्तुत गरिएको छन् ।

हुन त हिजोआज किराँतीहरु को हुन् भन्ने सम्बन्धमा विवादहरु पनि उठ्न थालेका छन । कोही भन्दछन् किराँतीहरु शूद्र हुन् कोही भन्दछन् उनीहरु क्षत्रिय हुन् तर म यहाँ के भन्न चाहन्छु भने किराँती नत शूद्र हुन नत क्षत्रिय नै । वास्तवमा आज किराँतीहरुले आफूलाई गर्वसाथ हामीहरु किराँती हौ भन्ने बेला आएको छ, किनकि किराँतीहरुको आफ्नै बेग्लै जातीय अस्तित्व छ, आफ्नै धर्म र संस्कृति छ अनि आफ्नै सामाजिक परम्परा र सभ्यता छ ।

साँच्चै भन्ने हो भने लोककथाहरु मनोरञ्जनका लागि हुनुनका साथै तात्कालिन समयको चालचलन, रीतिरिवाज, सामाजिक तथा सांस्कृतिक परम्पराहरुको जीवित हास्ताक्षर र प्रतीकात्मक साक्षी भएकाले यस 'किराँती लोककथाहरु' बाट पनि पाठकवर्गले किराँतीहरुका चालचलन, रीतिरिवाज, सामाजिक तथा सांस्कृतिक परम्पराहरुको बारेमा धेरै कुरा थाहा पाउन सक्नेछन् भन्ने कुरामा म विश्वस्त छु । नेपालका एउटा खास जनजाति किराँती समाजमा प्रचलित लोककथाहरु पाठकवर्गका अगाडि आज मैले प्रस्तुत गर्ने प्रयास गरिरहेको छु । यसबाट नेपाली वाङमयको विशाल भवनमा एउटा सानो इँट मात्र थपिएको अनुभव भएमा पनि म आफ्नो प्रयासलाई सफल भएको ठान्नेछु ।

किराँती लोककथाहरु सङ्कलनको सिलसिलामा मेरो पैदल भ्रमणको क्रममा अरु पनि धेरै किराँती लोककथाहरु उपलब्ध भएका

ओरालीहरु, खोलानालाहरु, भीर-पहराहरु, हिउँले ढाकिएका लेकाली बाटो र जङ्गलहरुमा मलाई साथ दिने छोरा अजय श्रेष्ठ र धनकुटा निवासी श्री गङ्गाबहादुर भुजेललाई पनि धन्यवाद नदिईरहन सक्तिनँ ।

अन्तमा 'किराँती लोककथाहरु' नामक यस पुस्तकको भूमिका लेखिदिनुभएको नेपाली साहित्यका प्रसिद्ध समालोचक डा.श्री दयाराम 'सम्भव' ज्यूप्रति हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु ।

२०४७।१।२

शिवकुमार श्रेष्ठ

गर्नुभएको छ। त्यसैले म भन्छु, यसमा किंवदन्तीहरुको अपूर्व सङ्कलन छ। अझ भन्ने हो भने किराँती पुराकथा (मिथक) को सुन्दर सङ्कलन हुन सकेको छ प्रस्तुत पुस्तक। मिथक आफैमा अर्थपूर्ण र सान्दर्भिक हुन्छ। त्यसैले श्री शिवकुमार श्रेष्ठले बडो परिश्रमपूर्वक कथाहरुको खोजी गरेर नेपाली लोकसंस्कृतिको भण्डार भरिदिनुभएको छ। इतिहासमा विद्वानका नाताले उहाँले गर्नुभएको प्रस्तुत योगदान नेपाली वाङ्मयको एक अमूल्य सम्पदा हो।

- जनश्रुतिको औचित्यमाथि प्रकाश पार्नु,
- लोकजीवनका आन्तरिक-बाह्य दुवै पक्षमा निहित सत्यको उद्घाटनको गर्नु र
- मानवसभ्यताको आदिस्वरुपदेखि क्रमशः विकसित हुँदै गएको मानव धारण एवं चेतनाको परिचय दिनु ।

अतः एवं यसमा सङ्कलित कथाहरु सत्यलाई नै दृष्टिगत गरी चयन गरिएको देखिने हुनाले श्री शिवकुमार श्रेष्ठको प्रशंसा नगरिरहन सकिन्न।लोककथा वास्तवमा 'एकादेशको' कथा हो र त्यस्तो कथाले पाठक/ श्रोतालाई कल्पना-लोकमा पुऱ्याउँछ। तर प्रस्तुत कथाहरुको विशेषता के रहेको देखिन्छ भने धेरै जसो कथाहरुमा स्थानविशेष (अर्थात किराँत प्रदेश) को स्पष्ट अङ्कन भएको छ र अद्यापि प्रचलित सांस्कृतिक प्रचलन, धार्मिक अनुष्ठान इत्यादिसँग सम्बद्ध गरिएको छ। यस्ता खाले कथाहरु चयन गर्ने खूबी गम्भीर खोजकर्तामा मात्र हुन सक्तछ। यस दृष्टिले प्रस्तुत कृतिमा श्री शिवकुमार श्रेष्ठ एक प्रबुद्ध अन्वेषकको हैसियत लिएर किराँत प्रदेशका अमूल्य पुरातात्विक सामाग्रीहरुको उत्खनन गर्न आफ्ना पाठकहरुसँग आत्मासात् गर्न पुग्नुभएको पाइन्छ। यही नै यस कृतिको प्राज्ञिक उपलब्धि पनि हो।

दुई शब्द व्यक्त गर्ने सौभाग्य दिनुभएको मा विद्वान् श्री शिवकुमार श्रेष्ठप्रति आभार प्रकट गर्दछु।

नयाँ वर्ष, ०४७
कीर्तिपुर

डा. दयाराम श्रेष्ठ

१२) हेछाकुवा १९
१३) दूधकोशीको बिहे २३
१४) टुवा र टुम्पासा २६
१५) सुम्निमा र पारुहांगको बिहे २८
१६) सेहोनाम्लाङ २९
१७) (क) ला मा नाहेन ३२
१८) (ख) मानवजातिको पहिलो घर ३३
१९) (ग) ढोल-नाचको उत्पत्ति ३५
२०) (घ) सोघा ३७
२१) (ङ) युप्पारुङ याङ ३८
२२) (च) लाटोकोसेरो ३९
२३) (छ) सोधुगेन लेप्मुहाङ ४१
२४) (ज) काजक्रिया ४३
२५) (झ) खेमासा र याप्मिसा ४५
२६) मानिसको सृष्टि ४६
२७) छोङदेन ४८
२८) बूढा सुब्बा ४९
२९) पापु हांग ५०
३०) नगरा निशान ५१
३१) (क) मुजिङना खेयोङना ५३
३२) (ख) युकफुङ साबाङकेम्बा ५५
३३) (ग) थोसु सुहाम्फेबा र लाहादोङनाको बिहे ५८
३४) (घ) कुकुरलाई सराप ६०
३५) (ङ) पृथ्वीमा कसरी आगो ल्याइयो ६१
३६) कुर्ले ढुकुर ६४
३७) पञ्च भलादमीहरुको बोली ६६
३८) पापो माछा ६८
३९) सेमेकवा चरी ६९

जीवनको उकाली-ओरालीहरुमा
कैयौं दुःखकष्टहरु सहेर पनि
मलाई
सधैं प्रेरित गरिरहने
गंगादेवी श्रेष्ठलाई

पारुहांगले नै हजूरलाई काँगियो दिनु भएको हो र उहाँले हजूरलाई असाध्य मन पराउनु हुन्छ र हजूरसँग बिहे गर्न चाहनुहुन्छ ।

त्यो चरीको कुरा सुनेपछि सुम्निमाले पारुहांगसँग बिहे गर्ने मन्जुरी दिइन् र पारुहांग र सुम्निमाको बिहे भयो । केही समयपछि सुम्निमाले निनियालाई जन्माइन् ।निनिया तरुणी भएपछि बिहे गर्न शुक्रग्रहकहाँ एउटा चरा मार्फत समाचार पठाइन् । त्यो चरा समाचार भन्न जाँदा शुक्रग्रह अस्त भएछन् । उनका ठाउँमा बृहस्पति रहेछन् । त्यो चराले बृहस्पतिलाई निनियाले बोलएकी छन् हिड भन्दा बृहस्पतिले भने म गँडाहा छु, निनियाले सायद मलाई मनै पराउँदिन होली । म जान्नँ ।

त्यो चराले तपाई नगई हुन्न भनी कर लगाउँदा बृहस्पति राम्रो लुगा लगाई निनियालाई भेट्न गए । निनियाले गँडाहा बृहस्पतिलई मन पराइनन् ।

बृहस्पतिले चरालाई भने “ म भन्दै थिएँ, सायद निनियाले मलाई मन पराउँदिन तर तैले मलाई कर गरेर ल्याइस् । अब म फर्कन्छु । म फर्कदा सुर्यको ताप बढाएर पृथ्वीमा सबै पानी सुकाइदिन्छु ।

त्यसपछि बृहस्पतिले पृथ्वीमा सबै पानी सुकाइदिए । निनिया प्यासले छट्पटाउँदै थिइन् । त्यसै बेला एउटा रुखको टोड्कामा एउटा चरा उड्दै कराउँदै बस्दै गरको देखिन् । त्यहाँ के रहेछ भनी हेर्न जाँदा रुखको टोड्कामा निनियाले पानी देखिन् र त्यो पानी खाएर आफ्नो प्यास बुझाइन् तर त्यो वास्तवमा पानी नभएर बृहस्पतिको पिसाब थियो । त्यसपछि निनिया गर्भवती भइन् र अरेरी काँडा, बाघ, भालु र किराँतीहरुलाई जन्माइन् ।

पारुहांग र सुम्मिाले जवाफ दिए-तिमीहरुको बालीनाली राम्रो हुनेछ र तिमीहरुले राज्य गर्न पाउँनेछौ ।”

त्यसबेलादेखि किराँतीहरुले साखेवा (चण्डी) स्थापनागर्दा दुईटा ढुंगाहरु थपना गर्दछन् । एउटा ढुंगा सानो हुन्छ र अर्को ढुंगा ठूलो हुन्छ । ठूलो ढुंगामुनि एउटा गोलो ढुंगा राखिएको हुन्छ जसलाई रानो भनिन्छ । त्यही रानोलाई साखेवालुङ भनिन्छ । बैशाखे पूर्णेको दिन होम (पुरोहित) ले निराहार बसी चुलो उठाउँछन् । त्यसपछि कुखुरा, लमपुच्छ्रे र मुजुरको प्वाँखबाट बनेको मुकुटलाई अम्लाबुङ (सुनाखरीका फूल )हरुले सुसज्जित गरी त्यसलाई होमले आफ्नो शिरमा राखेर, सेतो कपडाको दौरा-सुरुवाल लगाएर, कम्मरमा खुकुरी, तलवार काँधमा अदुवाको बोट राखेको झोला भिरेर, देबे हातमा धनु लिएर ढोलैया र झ्याम्ट झ्याली बजाउनेको साथ पूजा स्थलमा जान्छन् र साखेवाको पूजा गर्दन् । सबै राईहरुले चिण्डोमा जाँड र हण्डीमा भात लगेका हुन्छन् त्यसलाई चढाउँछन् । त्यसपछि राई तन्नेरी-तरुनीहरु नाच्छन् । यो नाचलाई चण्डी नाच भनिन्छ । यो नाचमा कैयौ चालहरु हुन्छन्, त्यसमध्ये सम्दी सिली र सिकी सिली अथवा सिहाङमाको इशारामा चालफेरिन्छ । यो नाचमा सिर्लिगे बाजा र झ्याम्टा बजाइन्छ अनि रुमाल, चमर, फूल, सेउली दिई नाचिन्छ ।

माझ किराँतका बूढापाकाहरु के भन्छन् भने सखेवा स्थापना गर्दा जुन दुईटा ढुंगाहरु राखिएका हुन्छन्, सानो ढुंगाचाहि सुम्निमाको प्रतीक हो र ठूलो ढुंगाचाहि पारुहांगको प्रतीक हो । अतः साखेवा पूजा र सुम्निमा र पारुहांगले पूजा हो तर पछि यसलाई चण्डी भनी नामकरण गरियो ।

वरिपरिका गाउँहरुका सबै राईहरुले पनि रिमचिमका चण्डीलाई पुज्न थाले ।

एकपल्ट एकजना राई किराँतले अर्काकी स्वास्नी जारी गरेर ल्यायो । ती स्वास्नीमान्छेको पहिले लोग्नेले रिमिचिमको चण्डी अगाडि भाकल गर्दै भने " हे साखेवा तिमी साक्षात् साखेवा हौ भने मेरी स्वास्नी लाने जारलाई यहाँ ल्याइदेऊ । त्यसलाई काटी म यहाँ भोग लिन्छु ।"

चण्डी पूर्णेको दिन नभन्दै त्यो जार नाच्दै त्यहाँ आइपुग्यो । ती स्वास्नीमान्छेको पहिलो लोग्नेले जारलाई खुकुरीले छिनाइहाल्यो । जारको टाउको र शरीर तल झर्‍यो तर रगतको सिर्कोचाहि साखेवाको थानमा पुग्यो । त्यसै दिन ठूलो हुरी आँधी बतास आयो, रिमचिमको तलाउ फट्यो र पैरो गयो । वाछकको बोट पनि ढल्यो ।

त्यसपछि साखेवाले त्यो ठाँउलाई छोडे भनी राईहरुले विश्वास गर्न थाले र आ-आफ्नो गाउँमा साखेवालाई पुज्न थाले ।

मकैको दाना त्यसरी भाटेनासीय वीरुमाले मुखमा राखेर कुटुक्क टोक्थिन् । मुखमा मकैको दान टोकेको सुनेर उनले पालिराखेको बिरालो म्याउँ-म्याउँ गर्दै नजीक आउँथ्यो । बिरालोले म्याउँ गर्दै आफ्नो मुखमा हेरेको देखेर वीरुमाले भन्थिन्-“ आनी मेनु मान्नाएना ई” (ए बिरालो, तँलाई मैले बिर्सिहालेछु नि)

त्यसरी धेरैपटक मकैको दाना भेट्दै टोक्दै गर्दा त्यसरी नै बिरालो म्याउँ गर्दै आउँथ्यो र वीरुमा तिनै आफ्ना शब्दहरु “ आनी मेनु मान्नाएना ई” मात्र भन्थिन् र बिरालोलाई मकैको दाना दिन पाएकी थिइनन् । यत्तिकैमा बिरालो रिसाएर हो वा संयोगले हो अगेनामा गएर सुत्दा “ मुलुम्पा” ( अगेनाभित्र गाडिराखेको आगो) निभ्यो । वान्तवा राई-समाजमा त्यसरी अगेनाको आगो निभ्न हुँदैन र निभेमा घरमा कुलक्षण देखा पर्छ भन्ने कुरामा विश्वास गरिन्छ । बिरालोले त्यसरी अगेनाको आगो निभाएको हुँदा अब आगो कहाँबाट ल्याउने हो भन्ने कुरामा वीरुमालाई चिन्ता प-यो । उनले अग्लो रुखमा चढेर कतै धूवाँ आएको छकि भनि हेर्दा धेरै टाढा आगोको धूवाँ देखिन् र त्यतातिरै आगो लिन गइन् । त्यो ठाँउमा पुग्दा वीरुमाले एउटी स्वास्नीमान्छेलाई देखिन् र उनीसँग आगो मागिन् । ती स्वास्नीमान्छेले भनिन्-“ यहाँदेखि तेरो घरसम्म खरानी गर्दै जान्छेस् भने मात्र आगो दिन्छु नत्र दिन्नँ ।”

वीरुमाले त्यस शर्तलाई मन्जुर गर्दै भनिन्-“ तपाईं जे भन्नु हुन्छ म त्यसै गर्छु तर आगो भने मलाई दिनोस् ।”

त्यसपछि ती स्वास्नीमान्छेले वीरुमालाई आगो दिइन् । वीरुमा पनि त्यहाँबाट आफ्नो घरसम्म खरानी छर्दैछर्दै आइन् र घरमा आइपुगेपछि अगेनामा आगो जोडिन् । तर वीरुमालाई आगो दिने

राक्षसले मुख आँ ग¬यो र वीरुमाले आफ्ना दुबै हातहरु फैलाएर राक्षसको मुखमा ठाडै हाम फलिन् । दुवै हातहरु फैलाएर त्यसरी ठाडै फाल हानेकी वीरुमाकोख काखी-मुनिका अङ्गहरु राक्षसको मुखभित्र प¬यो तर काखीदेखि माथिका शरीरको अङ्गहरु राक्षसको मुखबाहिर प¬यो । राक्षसले वीरुमाको टाउको, गर्धन र हातहरु निल्न सकिरहेको थिएन । राक्षसको मुखमा अड्किरहँदा सायद त्यसबेलासम्म आफ्ना दाजुहर आइपुग्लान् र उनलाई बचाउलान् भनेर नै वीरुमा राक्षसको मुखमा हामफाल्दा दुवै हातहरु फैलाएर हामफालेकी थिइन् । यसरी राक्षसको मुखमा धेरै समयसम्म अड्किरहेको हुँदा वीरुमालाई धेरै कष्ट भयो र उनी बोल्न नसक्ने अबस्थमा पुगेको बेला उनका सातजना दाजुहरु त्यहाँ आइपुगे । राक्षसले वीरुमाको घरभित्र पस्दा केही पनि भित्र आउन नसकोस् भनेर दैलोमा दरो आग्लो लगाएर पसेको थियो । वीरुमाका सातजना दाजुहरुले दैलो घच्घचाए तर दैलो उघ्रेन । उनीहरुले वहिनी वीरुमा आग्लो लगाई निदाएकी होली भनी सम्झे । त्यसपछि उनीहरुले बारम्बार भनिरहे “ वीरुमा हामी तिम्रा सातजना दाजुहरु आइपुग्यौं । ढोका खोल ।” तर ढोका उघ्रेन ।

त्यसपछि वीरुमाका सातजना दाजुहरुले दैलोमा लात्ताले हिर्काए र दैलो खुल्यो । उनीहरु भित्र पसी हेर्दा आफ्नी बहिनीको त्यो अवस्था देखे, उनीहरुले राक्षसलाई मारे र बहिनी वीरुमालाई राक्षको मुखबाट निकाली बचाए । केही दिनपछि राक्षसको मरेको लासबाट लामखुट्टे, उपियाँ, झीगां, उडुस, भुसुनाहरुको उत्पत्ति भयो र तिनीहरुले वीरुमा र उनका सातजना दाजुहरुलाई टोक्न थाले । वीरुमाका सातजना दाजुहरुले तिनीहरुलाई भने सखाप पार्न सकेनन् । त्यसैले आज पनि तिनीहरुले मानवजातिलाई दुःख दिइरहेका छन् ।

सपना देख्ने नाक्छोङ राईले सोधे-" तपाईलाई मेरो गाउँमा कसरी लानू ? तपाईले नै बताइदिनोस् ।"

त्यसपछि देवीले भनिन्, " यहाँ नजीकमा चीसो परेको ठाउँ छ र त्यहाँको चीसो माटो कर्कलाको पातमा पोको पारेर तिम्रो गाउँमा लानू र कुनै शुद्ध ठाउँमा राख्नु ।म त्यही बस्छु र तिमीहरुको रक्षा गर्छु ।

सपनामा देवीले भनेजस्तो ती नाक्छोङ राईले त्यहाँको चीसो माटो कर्कलाको पातमा पोको पारेर आफ्नो गाउँ छिन्ताङमा बोकेर ल्याए । आफ्नो घरमा आइपुगेपछि उनले त्यो कर्कलाको चीसो माटो छानामुनि सिउरे । कामको बेफुर्सदीले गर्दा होमबेङबाट ल्याएको कर्कलाको पातको चीसो माटो उनको घरमा छानामुनि धेरै समयसम्म सिउरिएर नै रह्यो । एकदिन गाउँमा ठूलो महामारी फैलियो र धेरै मानिसहरु मरे । अनेकौं औषधि उपचार गर्दा पनि महामारी थामिएन । अन्तमा होमबोङबाट कर्कलाको पातमा चीसो माटो बोकेर ल्याउने नाक्छोङ राईले गाउँमा किन यसरी महामारी फैलिएको हो भनी बिजुवालाई सोद्धा उनले जवाफ दिए -" तिमीले कुनै चीज परदेशबाट ल्याएको हुनुपर्छ । त्यसैले दोष लागेको हो र गाउँमा महामारी फैलिएको हो ।"

त्यसपछि ती नाक्छोङ राईले होमबोङबाट कर्कलाको पातमा चीसो माटो पोको पारी ल्याएको र आफ्नो र आफ्नो घरको छानामुनि

होमबोङबाट कर्कलाको पातमा चीसो माटो बोकेर ल्याउने नाक्छोङ राईकै सन्तानहरु आजसम्म छिन्ताङदेवीको पुजारीहरु छन् त्यहाँ औंसी र आइतबार पूजा चल्दैन र अरु बार कुनै पनि दिन पूजा रोकिदैन । छिन्ताङदेवीको भाकल गरे आफूले चिताएको कुरा पुग्छ भनी मानिसहरु विश्वास गर्छन् र धेरै टाढा-टाढाबाट पनि छिन्ताङदेवीको पूजा गर्न दिनहुँ त्यहाँ आउँछन् ।

छेङगुवाको खोलातिर लाग्यो र जलारी पनि त्यसतर्फ माछालाई पछ्याउँदै गए । अन्तमा माछा छेङगुवाको मुहान (धनकुटाको मुगा गाउँको हाल जलदेवी भन्ने ठाउँ) मा पुग्यो । त्यसबेला साँझ परिसकेको थियो । त्यहाँ जलारीले माछालाई जालले छोपे र वरिपरि जङ्गल भएको हुँदा एउटा अग्लो रुखमा चढेर कतै आगो बलेको देखिन्छ कि भनी हेर्दा अलि पर आगो बलेको देखी त्यसतर्फ जाँदा एउटा साना घरमा उनी पुगेर त्यहाँ नै बास बसे । भोलिपल्ट माछा उठाउँन जाँदा आफ्नो जालले छोपिएको माछा ढुङ्गा भएको देखेर जलारीले आश्चार्य माने । त्यसपछि जलारीले आफू बास बसेको घरकी छोरीसँग बिहे गरेर त्यही गाउँमा बसे । मुगाका लाम्बिाछोङ, कोतुबारा र खुङछा राईहरु तिनै जलारी सन्तानहरु हुन् भन्ने भनाइ छ । मुगाका ती राईहरु त्यस ढुङ्गालाई पितृ मान्दछन् र वर्षमा दुईपल्ट पूजा गर्छन । त्यस ढुङ्गालाई स्थानीय बासिन्दाहरु भने जलदेवी भन्दछन् ।

आफू नुहाइरहेकाले नजिकैको ठाउँ देखाउँदै उनले भने - “ केरा त्यही राखिदिनोस् ।”

छुङखा राईहरु उनले देखाएको ठाउँमा केराको काँगियो राखेर आफ्नो बाटो लागे । ती सिद्धयोगी महात्माले नुहाइसकेपछि केरा खान भनेर राखेको ठाउँबाट केराको काँगियो टिपी हेर्दा प्रत्येक केराको कोसामा बोक्रा मात्र थियो र भित्र गुदी भने थिएन । यसरी छुङखा राईहरुले आफूलाई छक्काएर गएकाले उनलाई साह्रै रिस उठ्यो र छुङखा राईहरुलाई निःसन्तान पार्छु भनी उनीहरुलाई खोज्दै जाँदा ती सिद्धयोगी महात्मा छिन्ताङमा पुगे र त्यहाँ छिन्ताङदेवीलाई प्रार्थना गरेर शक्ति मागे । छिन्ताङ देवीले उनीसँग प्रसन्न भई सोधिन् -“ तिमी के चाहान्छौ ?”

ती सिद्धयोगी महात्माले भने-‘म यहाँ आफ्नो प्रतीकमा रुपमा एउटा ढुङ्गा राख्छु । यो ढुङ्गा जतिपल्ट लड्छ त्यति नै म लडाइँमा मुर्च्छा परेको हुन्छु र तपाईले त्यस बखत यो ढुङ्गा उठाइदिनुहुनेछ । कारण तपाइँले ढुङ्गा उठाएपछि म मुर्च्छाबाट ब्यूँझनेछु र लडाइँमा छुङखा राईहरुसँग फेरि लड्नेछु ।

छिन्ताङदेवी उनीसँग प्रसन्न भएकी हुँदा उनको यो मागलाई पूरा गर्ने वचन दिइन् । त्यसपछि ती सिद्धयोगी महात्मा लडाइँ गर्न माङफिङतर्फ आए । माङफिङमा ती सिद्धयोगी महात्मा र छुङखा

ती सिद्धयोगी महात्माले भने-“ म तिमीलाई मार्दिनँ । म तिमीलाई धर्मपुत्री बनाएर तिम्रो रक्षा गर्नेछु तर तिमीबाट जन्मेका सन्तानहरुले भने मेरो पूजाआजा गर्नुपर्नेछ ।”

ती गर्भवती छुङखा राई- महिलाले सिद्धयोगी महात्माले भनेको सबै कुरापूरा गर्नेछु भनी वचन दिइन् । उनले ती गर्भवती छुङखा राई-महिलालाई धर्मपुत्री बनाए । केही समयपछि ती गर्भवती महिलाबाट जुम्ल्याहा छोराहरु जन्मे । त्यस गाउँमा आजका छुङखा राईहरु यिनकै सन्तानहरु हुन् भन्ने भनाइ छ ।आज माङफिङ गाउँमा माझमा सिद्धयोगीको थान छ जसलाई माङफिङका छुङखा राईहरु आज पनि पूजाआजा गर्छन् ।

धनकुटा माझ गाउँमा बस्ने आठपहरिया राईहरुका गाउँले बूढा र द्वारे बूढाका बीचमा भने मेलमिलाप थिएन । गाउँले बूढा र सबै आठपहरिया राईहरुले एकदिन द्वारे बूढा र उनका परिवारलाई गाउँबाट लखेट्ने सल्लाह गरे । त्यसपछि सबै आठपरिया राईहरुले एक चिन्डो रक्सी लिई अम्बोटेमा भेला हुनू भनी माझ गाउँका गाउँले बूढाले उर्दी लगाए । त्यपछि अम्बोटेमा आठपरिया राईहरु भेला भए । त्यहाँ ठूलो सभा बस्यो । सबैले आफूले ल्याएको चिन्डाको रक्सी खानुपर्ने, त्यसपछि सबैले दौडनुपर्ने र जो पहिले लड्छ उसलाई सबैले पिट्ने निर्णय भयो । त्यसपछि सबै आठपरिया राईहरले चिन्डाको रक्सी पिउन थाले । द्वारे बूढाले ल्याएको चिन्डाको तीनपाने रक्सी थियो तर अरु आठपहरिया राईहरुका चिन्डामा भने पानी थियो । एक चिन्डो रक्सी खाएपछि द्वारे बूढा मातिन थाले र अरुले पानी खाएकाले मातिएनन् । त्यसपछि सबै आठपहरिया राईहरु दौडे । द्वारे मातिएकाले उनीनै सबैभन्दा पहिले लडे । त्यपछि गाउँले बूढाले द्वारे बूढालाई पिट्न लगाए र उनी र अरु आठपहरियाहरु माझ गाउँ फर्के ।

साँझ परिसक्दा पनि द्वारे बूढा नआएकाले चन्लेनी बूढी ठूलो चिन्ता पऱ्यो । झमक्क साँझ परेपछि चन्लेनी बूढी राँको लिएर आफ्ना वूढालाई खोज्न बाहिर निस्किन् । सबैभन्दा पहिले उनी अम्बोटेमा पुगिन् र आफ्ना बूढालाई बेहोसी अवस्थामा मान्द्रोले बेरिराखेका पाइन् । चन्लेनी बूढीले आफ्ना बूढालाई बोकेर घरमा ल्याइन् केही दिनपछि द्वारे बूढालाई निको भयो र र चन्लेनी बूढीले आफ्ना बूढालाई भनिन्," अब

छोरीलाई बिहे गरे । त्यसपछि गाउँमा द्वारे बूढाका धेरै शत्रुहरु भए । एक दिन उनीहरुमध्ये कसैले द्वारे बूढा सुतिरहेका बेलामा साँप छोडिदिए त्यो साँपले द्वारे बूढालाई डस्यो र उनी मरे । त्यसको केही दिनपछि द्वारे बूढाकी कान्छी स्वास्नी ताम्राङनी रैनीकी छोरी पनि मरिन् ।

चन्लेनी बूढीले त्यहाँ बस्न उचित ठानिन् र आफ्ना दुई भाइ छोराहरु लिएर फेरि धनकुटामा नै फर्केर आइन् । धनकुटा आएपछि गाउँले बूढाको हालखबर बुझ्दा उनले आँखा देख्न छोडेका कुरा चन्लेनी बुढीले थाहा पाइन् । उनले किनामा तयार पारिन् र त्यसलाई पिरुङ्गोमा राखेर माझ गाउँका बूढाकहाँ पठाइन् । उनका दुई भाइ छोराहरु किनामाको कोसेली लिएर जान्थे र गाउँले बूढालाई दिएर केही नभनी फर्कन्थे । यसरी केहि दिन बितेपछि एक दिन गाउँले बूढाका घरका मानिसहरुले चन्लेनी बूढीका दुई भाइ छोराहरलाई समातेर सोधपुछ गर्दा उनीहरुले भने -" हामी दुई जना छोराहरुलाई किनामाको कोसेली दिए आमाले पठाएकी हुन् । हामीहरुलाई त्यसको कारण भने थाहा छैन ।"

त्यपछि गाउँले बूढाले भने-" त्यसो भए भोलि तिमीहरु आमालाई लिएर आउनू ।"

चन्लेनी बूढीले पठाएको किनामा खान थालेपछि गाउँले बूढाले अलिअलि आँखा देख्न थालेका थिए ।घरमा पुगेपछि ती दुई जना छोराहरुले गाउँले बूढाको समाचार सुनाए । आमाले उनीहरुलाई सोधिन्-" गाउँले बूढाले आँखा देख्न थालेका छन् कि छैनन् ?"

गाउँले बूढाले उनीहरुलाई माझ गाउँ दिए । चन्लेनी बूढीका छोराहरुले मार्गास्थान गरे । उनका कान्छा छोराका सन्तानहरु आज पनि धनकुटा बिहीबारे हाटको मार्गास्थानमा पुजारी छन् र जेठा छोराका सन्तानहरु भने तिल्के चउरको मार्गास्थानका पुजारी छन् । चन्लेनी बूढीका छोराहरुले माझ गाउँमा घर बनाई बसोबास गरे र केही दिनपछि चन्लेनी बूढीको मृत्यु भयो । उनी मरेको एक वर्ष पुगेको थिएन । एकपल्ट राति सपना आमाले उनीहरुलाई भनिन्-" वराहक्षेत्र पूर्णे ( कार्तिके पूर्णे) का दिन तिमीहरुले कोका खोलामा मेरो दसी, तिम्रा बुबा र कान्छी आमा (ताम्‌ङनी रैनीकी छोरीको दसी बगाउनू र बराहक्षेत्रको जल तथा फूल प्रसाद ल्याई घर चोख्याउनू । म मरेको एक वर्ष नपुगे पनि तिमीहरुको बर्खी फुक्दछ ।"

सपनामा आमाले भनेजस्तै ती दुई छोराहरुले कोका खोलामा वराहक्षेत्रको जल फूल प्रसाद ल्याई घर चोख्याए । यसरी उनीहरुको आमाको बर्खी फुकाए । त्यस बेलादेखि आठपरिया राई-समाजमा कार्तिके पूर्णेको अघिल्लो दिन मराउ पऱ्यो भने पनि भोलिपल्ट वराहक्षेत्रमा गई कोका खोलामा मरेको मान्छेको दसी बगाई त्यहाँको जल तथा फूल प्रसाद ल्याई घर चोख्याउने र बर्खी फुकाउने चलन चलिआएको हो भन्ने भनाइ छ ।

बूढा राजाले भने -" एकछिन मेरो जुम्रा हेर । तिमीहरु घरमा गएर घरको काम गरी नसकुन्जेल म घामलाई समातेर राख्छु र घाम अस्ताउन दिन्नँ ।"

त्यसपछि केटाकेटीहरुलाई केही समयसम्म जुम्रा हेर्न लगाई बूढा राजाले उनीहरुलाई घरमा पठाए । बूढा राजाले उनीहरु जाने बेलामा भने -" तिमीहरुको काम सकिएपछि काम सकियो भनेर खबर गर्नू ।"

त्यसपछि ती केटाकेटीहरुले घरमा गई आ-आफ्नो काम सकेपछि बूढा राजालाई काम सकियो भनेर खबर गर्नासाथ अचानक घाम अस्तायो र साँझ पऱ्यो ।

बूढा राजाको अन्तिम अवस्थामा शत्रुहरुले उनीमाथी आक्रमण गर्न उनको दरबार घेरे । त्यो घेराउबाट बच्न कुनै उपाय नदेखेर बूढा राजाले शत्रुका सिपाहीहरुलाई सोधे-" तिमीहरु यहाँ के गर्न आएको हौं ?"

उनीहरुले जवाफ दिए-" हामीहरु शिकार खेल्न आएका हौं ।"

बूढा राजाले अलि पर औंल्याउदैं भने-" तिमीहरुको शिकार ऊः पर देखिन्छ नि ! "

शत्रुका सिपाहीहरुले त्यसतर्फ हेर्दा एउटा सुनको मृगलाई देखे उनीहरु त्यसलाई पछ्याउन लागे । त्यही बेला बूढा राजा दरबारभित्र मान्द्रोमा बेरिएर अल्पिएर त्यस बेलादेखि आजसम्म गाउँका छाम्बाकडोवाहरु (धामीहरु) बूढा राजालाई भेट्न मान्द्रोमा बेरिएर मुन्धुम पढ्छन् ।

साँध्या, मही पाथ्या, दूध दुहुन्थ्या र बाछाबाछीहरुलाई घाँस दिन्थ्या । दिउँसो त्यो गोठालो गाइवस्तुहरु जङ्गलमा चराउन लान्थ्यो ।

एक दिन गाईवस्तुहरु जङ्गलमा चराउन लाँदा साँझ परिसक्दा पनि रिठ्ठु गाई खोज्न जङ्गल चहार्न थाल्यो । रिठ्ठु गाइलाई जङ्गलमा खोज्दा-खोज्दा झमक्क प-यो तर गाई भने फेला परेन । मालिकका डरले गोठालाले घर पनि फर्कने आँट गरेन । त्यस गोठालाले रिठ्ठु भन्दै कराउँदै रातभर जङ्गल चहा-यो तर रिठ्ठु गाईको कही पनि पत्ता लागेन । अन्तमा गोठालो त्यही जङ्गलमा म-यो । त्यो गोठालो अर्को जन्ममा चरो भएर जन्म्यो । त्यो जङ्गलमा रिठ्ठु चरो रिठ्ठु, रिठ्ठु भन्दै कराएको आज पनि सुनिन्छ । गाउँका मानिसहरु के भन्छन् भने आज पनि त्यो गोठालो रिठ्ठु 'रिठ्ठु' भन्दै कराउँदै त्यो जङ्गलमा रिठ्ठू गाईलाई खोजिरहेको छ ।

ससुरालीतर्फका आफन्तहरुले सिकार लखेट्दै ज्वाइँ बसेका गौंडातिर ल्याउँदै थिए । ज्वाइँ बसेको गौडामा एउटा सानो फिस्टो चरो आत्तिएर लड्दै उड्दै आउदै गरेको देखेर त्यसलाई च्याप्प समातेर ज्वाइँले आफ्नो काखीमा च्याप्यो । एकछिनपछि दुईटा कुकरहरुसँगै ससुराली तर्फका आफन्तहरु पनि आइपुगे र ज्वाइँलाई ‘सिकार आइपुग्यो वा आइपुगेन’ भनेर सोधे ।

ज्वाइँले ‘यहाँ कुनै सिकार आइपुगेको छैन’ भनेर जवाफ दियो । त्यसपछि ससुरालीतर्फका आफन्तहरु सिकार खोज्न अन्यत्र हिडे तर पटकपटक उनीहरुका कुकुरहरुले ज्वाइँ भएकै ठाउँमा आएर सिकार भएको संकेत देखाउँथे ।

यसरी कुकुरहरुले धेरैपल्ट संकेत गरेकाले ससुरालीतर्फका आफन्तहरुले ज्वाइँलाई भने-“ हाम्रा सिकारी कुकुरहरु तपाइँसँग नै शिकार भएका संकेत गर्दैछन् र तपाईसँग अवश्य पनि हाम्रो सिकार हुनुपर्छ । ”

त्यसपछि ज्वाइँले आफ्नो काखीमा भएको सानो चरो फिस्टो देखाउँदै ससुरालीतर्फका आफन्तहरुलाई सोध्यो-“ के यही फिस्टो तपाइँहरुको सिकार हो ?”

त्यो देखेपछि ससुराली तर्फका आफन्तहरुले खुसी हुदै भने - “ ज्वाइँ, यही त हामीहरुको सिकार हो ।”

स्वास्नीको तिघ्रामा लाग्यो ।

त्यसरी फिस्टोको साँप्रो लाग्नसाथ 'ए ] ®या ! मेरो तिघ्रा भाँच्चियो ' भन्दै स्वास्नी रुन थालिन् र उनी हिड्न नसकेर थला परीन्।

धेरै दिनसम्म छोरी माइतीमा नआएकीले माइतीका मानिसहरु छोरी हेर्न गए । त्यसबखत सबै कुराहरु बुभ्दा फिस्टोको साँप्रो लाग्दा छोरीको तिध्रा भाँच्चिएका कुरा थाहा भएपछि एउटा सभा बस्यो । हामी प्रेतात्माहरुलाई हंश भए पुग्ने तर मान्छेहरुलाई अघाउन्जेल मासु नै खानुपर्ने हुँदा हाम्रो रीतिरिवाज नमिलेकाले अवउप्रान्त हामीहरुका बीचका देखादेख पनि नगर्ने, बिहेवारी पनि नगर्ने र वाहिलिम (कटुसको सेउला) ले छकी हामीहरु एकअर्कादेखि अलग होऊँ भनी सभाले निर्णय गऱ्यो ।

त्यसपछि जङ्गलबाट कटुसको सेउला ल्याइयो र ठडाइयो । त्यसपछि 'देखिन्छ वा देखिदैन' भनी ज्वाइँलाई सोधियो । ज्वाइँले अलिकति देखिन्छ भनेकाले फेरि कटुसका सेउलाहरु ल्याइए र ठडाइए । अन्तमा ज्वाइँले देखिएन भनेपछि त्यसदिन देखि मान्छेहरु र प्रेतात्माहरुबीच देखादेख र बिहेवारी हुन छोड्यो । त्यसपछि त्यो मान्छेकी प्रेतात्मा स्वास्नी पनी अल्पिएर हराई तर छाक्बाडोवाहरु (धामीहरु) भने आज पनी त्यो सेउली लिएर माङ (प्रेतात्मा) हरुलाई देख्छन् र कुराकानी गर्छन् भन्ने विश्वास गरिन्छ ।

आयो र ठुटालाई किरावा ठानेर त्यसलाई मार्ने विचारले झम्ट्यो । त्यसपछि रुखमा बसिरहेको किरावाले बाघलाई सोध्यो-“ भाइ, तिमीले के गर्न आँटेको हो ?”

रुखमा किरावालई देखेर बाघले भन्यो “ मैले तिमीलाई ब्यूझाउन खोजेको हुँ ।” त्यसबेला किरावा रुखमा बसेर खाजा खाइरहेको थियो । बाघले सोध्यो“ किरावा दाइ, तिमी त्यहाँ बसेर के खादैछौ ?”

“ म खाजा खाँदैछु ।” किरावाले भन्यो ।

“ किरावा दाइ, म पनि खाजा खान्छु ।” बाघले भन्यो ।

त्यसपछि किरावले भन्यो । “ त्यो भए तिमी आफ्नो मुख आँ गर ।”

त्यो सुनेर बाघले आफ्नो मुख आँ गर्‍यो र त्यसै बखत किरावाले बाधका मुखमा तीर हान्यो । बाघ मर्‍यो ।त्यसपछि आमालाई यो कुरा थाहा भयो र चिन्डोमा भएको जाँड र अदुवा बाघलाई खुवाएर ब्यूँताइन् । त्यसपछि किरावा र बाघलाई आमाले भनिन्- “ अब उप्रान्त तिमीहरु मध्ये बाघ डाँडातिर हिड्दा किराबा खोलातिर हिड्नू र किरावा डाँडातिर हिड्दा बाघ खोलातिर हिड्नु । तिमीहरु दुईको भेट कहिल्यै नहोस् ।”

आफू तान बुन्ने काममा अति व्यस्त भएकी हुँदा जेठी दिदी खिवामाले भनिन्- “ आमाना तावा लो । ” (तेरो दिदी तावालाई भन् ।)

त्यसपछि हेछाकुवाले दिदी तावामाको छेउमा गएर भने-“ दिदी तावा, मलाई भोक लाग्यो ।”

दिदी तावामा पनि तान बुन्ने काममा व्यस्त भएकी हुँदा उनलेपनि झर्किंदै भनिन्“ अमना खिवा लो” (तेरी दिदी खिवालाई भन् )

यसरी पटक पटक दिदीहरुलाई ‘मलाई भोक लाग्यो ’ भन्दा एकले अर्की दिदीलाई भन् भन्दै टार्दै गरेका बेला हेछाकुवालाई निद्राले ग्रस्त पा~यो । हेछाकुवा विना ओछ्यान पाखामै निदाए । तान बुनिसकेपछि दिदीहरुले हेछाकुवालाई उठाए तर हेछाकुवालाई निद्राले गस्त पारेरको हुँदा उनी उठेनन् । दिदीहरुले लौ भाइ मरेछ भनी सोचे । दिदीहरुले चिहान खोजी भाइको संस्कार गर्ने सल्लाह गरे । त्यसपछि दिदीहरुले हेछाकुवालाई जंगलमा झ्यासझ्रुसले पुरी खाडलमा केराको बोट रोपी त्यहाँ एउटा कर्दो राखी घरतर्फ लागे । वास्तवमा हेछाकुवा मरेको थिएनन् न केही समयपछि उनी ब्यूँझे । ब्यूझेपछि झ्यासझ्रुस पन्छाउँदै उनी उठेर यताउति हेर्न थाले । उनी सानै बालक भएकाले उनलाई ज्ञान थिएन र आफ्नो घर कता हो थाहा भएन । उनलाई भोक लागिरहेको थियो । उनले वरिपरी हेर्दा केराको बोट र कर्दो देखे । उनले भने -“ हे केराको बोट, तँ छिटो पसाउँछस् कि तँलाई कर्दोले काटूँ ?” त्यसपछि केरा पसाइहाल्यो ।

त्यसपछि हेछाकुवाले भने -“ केराका बोट, तँ पाकिहाल्छस् कि तँलाई कर्दोले काटूँ ! ” त्यसपछि केरा पाकिहाल्यो ।त्यसपछि केराको

ल्याएकी छु । तैले यसलाई काटी मासु चाहि पकुवा बनाउनू र रगत चाहि घरको ढोका अगाडि डुँडमा राख्नू । म चाहि तेरा मावलीहरु बोलाउन जान्छु । हामीहरु सबै मिलेर यस सिकारलाई बाँडेर खानुपर्छ । ”

त्यसपछि राक्षसनी चाक्लुङधिपमा माइती गई । राक्षसनीकी छोरी बोरा खोजी हेर्दा हेछाकुवालाई देखी र उनको घुँघुरिएको केश राक्षसनी छोरीलाई साह्रैँ राम्रो लाग्यो । उसले भनी - “ हे हेछाकुवा, तिम्रो घुघुँरिएको केश मलाई साह्रै राम्रो लाग्यो । उसले भनी मेरो कपालको केशलाई पनि त्यस्तो गर्न मन लाग्यो । मलाई पनि तिम्रो जस्तो केश बनाउन सिकाइदेऊ न ।”

हेछाकुवाले त्यसलाई मार्ने विचारले भने-“ मेरी आमाले तेल तताई उमालेपछि टाउकामा तेल खन्याइदिएकी थिइन् र त्यसपछि मेरो घुँघुरिएको केश भयो ।”

राक्षसनीको छोरीले भनी -“ हे, हेछाकुवा, मलाई पनि त्यसो गरिदेऊ न ।”

त्यसपछि हेछाकुवाले तेल तताए र उम्लेपछि चाक्लुङधिपमाकी छोरीको टाउकामा तेल खनाइदिए । राक्षसनीकी छोरी ठहरै मरी । त्यसपछि हेछाकुवाले राक्षसनीले भने जस्तै राक्षसनीकी छोरीको मासु पकुवा बनाए र रगत चाहि घरको ढोका अगाडि डुँडमा राखे । हेछाकुवाले राक्षसनीकी छोरीको लुगा लगाए ।

राक्षसनी चाक्लुङधिममा माइतीहरु लिएर घरमा आइपुगी । तिनीहरु सबैले पकुवा खाउ र माइतीहरु बिदा भएर गए । त्यसपछि

राक्षसनीले हेछाकुवाले लखेट्दै गई र उनलाई भेट्टाउन लागेका बेलामा उनले सदवीउ पलवीउ छरिदिए । राक्षसनीले सद्वीउ र पलवीउ टिप्न लाग्दा हेछाकुवा निकै पर भाग्न पाए । फेरि राक्षसनीले हेछाकुवालई लखेट्दै गइ र उनलाई भेट्टाउन लागेको बेला उनले खरानी फालिदिए । खरानी कुइरो भयो र राक्षसनी केहि समय अलमलिई । फेरि राक्षसनीले हेछाकुवालाई लखेट्दै गई र उनलाई भेट्टाउन लागेका बेला उनले कुखुराको फुल फुटाइदिए । कुखुराको फुल खोला भयो र राक्षसनी र हेछाकुवा वारिवारि भए । राक्षसनीले खोला तर्छु भन्दा खोलाले उनलाई बगाइ लग्यो । हेछाकुवाका मामाहरुले माछा मार्न खोलामा टिप थापिरहेका थिए र खोलाले राक्षसनीलाई बगाउँदै लाँदा त्यही टिपमा परी । हेछाकुवाका मामाहरुले राक्षसनीहरु टिपबाट झिके र त्यसलाई घरमा लगेर स्याहारसुसार गरी बचाए ।

केही दिनपछि हेछाकुवा पनि मावली पुगे र आफूलाई खान खोज्ने राक्षसनी चाक्लुङधिपमालाई त्यहाँ देखेर आश्चर्य माने । हेछाकुवाले मामाहरुलाई आफ्ना सबै कुराहरु बताए ।

त्यसपछि हेछाकुवा मामाहरुले राक्षसनीलाई बिदा दिए र बिदा हुने बेलामा विर्को भएको ढुङ्ग्रो दिदै भने- “ लौ त आज तिमी जाऊ र तिमीलाई भोक लागेका बेलामा बिर्को उघारेर ढुङ्ग्रोमा भएका खानेकुराहरु खानू ।”

यति भनेपछि राक्षसनी हेछाकुवाका मामाहरुसँग बिदा भई बाटो लागि र जाँदा-जाँदा एउटा ठूलो जङ्गलमा पुगेपछि उसलाई साह्रै

बनाए र खिवामा र तावामा दिदीहरुलाई बोलाउन पठाए । दिदीहरुले भने हाम्रो भाइ पहिने नै मरिसकेको हुदाँ कसरी हामीहरुलाई बोलाउन सक्छ र यो कुरा साँचो होइन होला भनी भाइको निम्तोमा गएनन् ।

त्यसपछि हेछाकुवाले आफ्नो दिदीहरुलाई बोलाउन कुखुराको भालेलाई पठाए । कुखुराको भालेले खिवामा र तावामालाई हेछाकुवाका सबै कुराहरु बताए निम्तोमा आउन अनुरोध गऱ्यो । कुखुराको भालेको कुरा सुनेपछि दिदीहरुलाई विश्वास लाग्यो र हेछाकुवाको निम्तोमा गए । हेछाकुवाको घर नजिक खिवामा र तावामा दिदीहरु पुगेपछि उनीहरुले उनलाई देखे । भाइ मऱ्यो भनी हामीहरुले संस्कारसमेत गरिसकेको हुँदा भाइकहाँ कसरी जानू भनी खिवामा र तावामा हेछाकुवा घरको आँगनपरतिर बसिरहे र उनको घरमा आउन संकोच माने । दिदीहरु घरमा आउन संकोच मानेको कुरा हेछाकुवाले बुझे र खानेकुराहरु परै पठाइदिए । दिदीहरुले त्यसलाई खाए । त्यस बेलादेखि सबै राई समाजमा चेलीबेटीहरुको विवाह हुँदा केटीपट्टि ले केटापट्टि का जन्तीलाई कुखुरा, राँगो, सुँगुरको पकाएको मासु झुन्डाइदिन्छन् र उनीहरुले खिवामा, तावामा र हेछाकुवाको मुन्धुम गाउँदै त्यो मासु खाने गर्छन् । यसलाई ‘साङगेन’ भनिन्छ ।

नगरी छोड्दिनँ भन्यो । यसरी मामाभान्जाका बीचमा झगडा हुने भएकाले दुबैले के सल्लाह गरे भने हिमालयबाट बग्दै आउँदा दुबैले ठाउँठाउँमा टारहरु पनि बनाउँदै आउनपर्नेछ । यिनै सर्तहरुलाई मञ्जुर गर्दै मामा अरुण नदी र भान्जा तमर नदी हिमालयबाट बग्दै तलतिर आउँदा ठाउँ ठाउँमा टारहरु बनाउदै आए । अरुण नदीले भने कपट ग-यो र सर्तबमोजिम टारहरु नबनाई हिमालबाट बग्दै तलतिर आउँदा छिटोछिटो आयो । यसरी टारहरु नबनाई अरुण नदी बग्दै आएका सबैभन्दा पहिले त्रिवेणी संगममा अरुण नदी आइपुग्यो र दूधकोशीलाई भेट्यो । अरुण नदीले दूधकोशीलाई बिहे गरेर त्यहाँबाट हिडिहाल्यो । तमर नदी भने टारहरु बनाउँदै विस्तारै आयो । पोखरीटार निर आइपुग्दा तमर नदी उठेर हे-यो र अगि नै अरुण नदीले दूधकोशीलाई बिहे गरेको कुरा पनि तमरले थाहा पायो । यसरी आफूलाई मामा अरुणले धोका दिएकाले तमरलाई मामासँग साह्रै रिस उठ्यो । अरुणमा नमिसिने विचारले तमर त्यहाँबाट मास्तिर लाग्यो ।घँघरु टारमा आइपुगेपछि तमरले उठेर हेर्दा कोका खोलालाई देख्यो । त्यसपछि तमरले कोका खोलालाई सोध्यो -“ हे कोका खोला, म तिमीकहाँ आउँछु र त्यहाँ आउने बाटो छ कि छैन ?”

कोका खोलाले भने तमरलाई ढाँटेर भन्यो -“ म कहाँ आउने बाटो छैन ।” त्यसपछि तमरले सर्दू खोलालाई देख्यो र उसलाई सोध्यो -“ हे सर्दू खोला, म तिमीकहाँ आउँछु र त्यहाँ आउने बाटो छ कि छैन ?”

त्यो सहर माछाले तमरलाई फकाउन अनेकौं प्रयासहरु गऱ्यो तर तमर नदी आउन मानेन । त्यो सहर माछा उफ्रेर फेरि अरुण नदीमा गयो र भान्जा तमर मामा अरुणसँग साह्रै रिसाएको र आउन नमानेको समाचार अरुण नदीलाई सुनायो ।

त्यसपछि अरुण नदीले जसरी भए पनि तमर नदीलाई फकाएर ल्याउनू भनी चुच्चेमाछालाई पठायो । त्यो चुच्चे माछाले तमर नदी र अरुण नदीको संगमनिरको चट्टान फुटायो र तमर नदीलाई भेटायो । चुच्चेमाछाले भन्यो -" मामाले तपाईलाई जसरी भए पनि ल्याउनू भनी मलाई अह्राउनु भएको छ ।मामा अरुणले त्रिजुगी नारायणीसँग तपाईको बिहे गर्ने कुरा छिनिसकेको छ । तपाई रिसाइदिनु भएन, छिटो आइदिनुपऱ्यो ।"

त्यसपछि तमर नदीलाई कोका खोलासँग रिस उठ्यो र त्यसपछि तमर नदीलाई कोका खोलासँग रिस उठ्यो र त्यसलाई सराप दिदै भन्यो -" हे कोका खोला, तँ कहाँ मिसिने ठाउँ रहेछ तर तैले मलाई किन ढाँटिस ? तँ अपराधी रहिछस् । त्यसकारण म तँलाई आज सराप दिन्छु । तँ सधैं मास्तिर सुकी जा र तलतिर फुकी जा ।" त्यस बेलादेखि नै कोका खोला मास्तिर सुकेको र तलतिर फुकेर ठूलो भएको हो भनी बूढापाकाहरु भन्दछन् ।

त्यसपछि तमर नदीले सर्दू खोलालाई देख्यो र त्यसतर्फ हेर्दा त्यहाँ पनि मिसिने ठाउँ रहेछ भन्ने कुरा थाहा पायो । तमर नदीलाई सर्दू खोलासँग रिस उठ्यो र त्यसलाई पनि सराप दिदै तमर नदीले भन्यो -" हे सर्दू खोला, तँकहाँ मिसिने ठाउँ रहेछ । तर तैंले मलाई पहिले किन ढाँटिस् ? तँ अपराधी रहिछस् ? त्यसकारण म तँलाई सराप दिन्छु । तँ सधैं मास्तिर फुकी जा र तलतीर सुकी जा।" त्यस बेलादेखि सर्दू खेला मास्तिर फुकेको र तलतिर सुकेर गएको हो भनी बूढापाकाहरु भन्छन् ।

कालिज घरमा गयो र मितलाई मीठो खाजा खुवाउन विचारले आफ्नी पोथीको फुल पकाएर वनढाडेलाई दियो । त्यो फुल खाएपछि वनढाडेले मनमनमा के विचार गऱ्यो भने यो चराको फुल यति मीठो छ भने यसको मासु झन् कति मीठो होला र झुक्काएर मारी यसको मासु खानु पर्ला । त्यो दिनभरि काम गरिसकेपछि भोलिपल्ट वनढाडेको बारीमा काम गर्ने सल्लाह गरी ती दुवै मितहरु आ-आफ्नो घर गए ।

भोलीपल्ट कालिज मितको बारीमा पर्म तिर्न गयो । आधा दिनसम्म काम गरेपछि वनढडेले खाजा बनाउन जान्छु भनेर घर गयो । उसको घरमा खानेकुरा केही थिएन र एकछिन सोचेपछि उसले एउटा उपाय निकाल्यो । उनले एकछिन कन्दा आफ्नो अलिकति गुहु निकाल्यो र त्यसालई पोको पारी मितलाई खाजाका रुपमा लगाईदियो, तर कालिजले त्यो खाएन ।

काम सकिएपछी बेलुकीतिर अब पर्म खेल्न छोडौं र म घुम्न जानुपर्ने हुनाले पर्म खेल्न भ्याउँदिनँ भनी कालिजले मितलाई भन्यो ।

वनढाडेले कालिज घुम्न जाने बाटामा लुकेर अभर पारी उसलाई मारेर खाने विचार सोध्यो-" एवा खाना खानी उखायाङ?" (साथी तिमी कता जान्छौ ?)

कालिजले उसलाई झुक्याउने विचारले भन्यो-" लाङली युनी खायाङ ।" (बेसीँतिर जान्छु)

तर भोलिपल्ट ऊ लेकतिर घुम्न गयो । वनढाडे चाहिं बेसी झर्ने बाटामा दिनभरि ढुकेर बस्यो । कालिजसँग भेट नभएकाले बेलुकी

डुम्म कोकाइके ' भन्दै गीत गाउदै बैँसीतर्फ झऱ्यो। आकाशतिर हेरी बाटो नहेरी एक सुरले ओरालो झर्दा कालिजले बाटामा मितले बाँसको खपटा राखी धराप थापेको देखेन । उसलाई वनढाडेले कालिजलाई समात्यो । आफूलाई समातेको देखी कालिजले मितलाई सोध्यो " आबो खाना आसा उसेक्ङा मोली ?" (साथी, मलाई मारेर खान्छौ त ?)

वनढाडेले जवाफ दियो -" तँलाई खानलाई त पक्रेको ।"

आफू मर्ने निश्चित देखेर कालिजले एउटा उपाय सोचेर भन्यो -" ओदा मान्चादाङ कोशी चुक्दा खाताङ किना वाखाडा खुम्ताङकि आम्दो वासुाव कि सेराङचाङ ।" (यहाँ मलाई नखाऊ, कोशी किनारमा लगेर बालुवामा मलाई गाड र कोशीमा मुख धोएपछि मलाई खाऊ )

कालिजले भने जस्तो कोशी किनारमा लगी कालिजलाई बालुवामा गाडी बनढाडे मुखधुन कोशीमा गयो । कोशीमा नुहाई चिसो अनुहार लिएर वनढाडे कालिजको नजीकमा के आइपुगेको मात्र थियो कालिज बालुवाबाट निस्की पखेटाहरु भ्याटभ्याट गर्दै बालुवा उडाउँदै उडेर कोशीपारि गयो । कालिजले पखेटा भ्याटभ्याट गर्दै उड्दा वनढाडेका आँखाभरि बालुवा लाग्यो र उसले कालिजलाई समात्न पाएन। कालिज कोशीपारि वनमा गएर एउटा रुखमा बस्यो र 'कोकाला डुम्म कोकाइके' भन्दै गीत गाउन थाल्यो । वनढाडे हेरेको हेरै भयो ।

। त्यसबेला सुम्निमा (पार्वती) पारुहाङ (शिव) को पनि बिहे भएको थिएन । पारुहांगले बिहेका निम्ति सुम्निमालाई धेरै पल्ट फकाए तर पारुहांगसँग बिहे गर्न सुम्निमाले पटक्कै मानिन् । अन्तमा सुम्निमालाई बिहे नगरी नछोड्ने विचारले पारुहांगले एउटा उपाय निकाले । पारुहांगले सवै गाउँको पानी सुकाइदिए । यसरी सवै ठाउँमा पानी सुकेकोले सुम्निमा तिर्खाले अकुल भइन् र आफ्नो तिर्खा मेट्न पानीको खोजमा हिडिन् । हिड्दा हिड्दा उनी धेरै थाकिन तर पानी भने कही पनि पाउन सकिरहेकी थिइनन् । त्यही बेला एउटा चिसान परेको ठाउँमा कर्कलोको पातमा सुम्निमाले पानी देखिन् र त्यही पानी खाएर आफ्नो तिर्खा मेटाइन् तर त्यो कर्कलोको पातमा पानी नभएर पारुहांगको वीर्य थियो । त्यसपछि सुम्निमा गर्भवती भइन् र पारुहाङगसँग बिहे गरिन् । तिनकै गर्भबाट किराँतीहरु पूर्खाको जन्म भयो भन्ने भनाइ छ ।

धर थकाइ लाग्यो र तिखा पनि लाग्यो तर कतै पानी थिएन र चेली प्यासले आकुल भइन् । पानी खोज्दै जाँदा चिलिङ्गदेन गाउँ (पाँचथर) को थुकुवा खोलाको छेउमा एउटा ठूलो ढुङ्गा थियो र त्यहाँ दुईवटा खोपिल्टामा पानी देखेर चेलीले त्यो पानी देखेर चेलीले त्यो पानी खाइन् । वास्तवमा खोपिल्टामा पानी नभएर एउटा खोपिल्टामा मान्छेको पिसाब थियो र अर्को खोपिल्टामा बाघको पिसाब थियो । त्यसपछि चेली गर्भवती भइन् । अन्तमा ती चेलीबाट केसामी (बाघ र लासामी (मान्छे) को जन्मभयो र ती दुवैलाई उनले हुर्काइन् । केसामी र लासामीका बीचमा वैमनस्य देखा पऱ्यो । एक दिन केसामीले आमालाई भन्यो -" म भाइलाई नखाई छोड्दिनँ ।"

लासामीले पनि एकदिन आमालाई भन्यो -" म दाइलाई नमारी छोड्दिनँ ।"

आमालाई भने दुईजना दाजुभाइहरुको लडन्त होला भन्ने कुरामा ठूलो चिन्ता थियो । आमाले केसामीलाई छलेर लासामीलाई बचाइराखेकी थिइन् तर एकदिन लासामी र केसामीका बीचमा भिड्न्त हुने निश्चय भयो । लासामीले आमालाई भन्यो -" आज हामी दूई जना दाजुभाइहरुको भिडन्तमा या त म मर्छु या त दाजु केसामीलई मार्नेछु । आमाले सेकमुरिफुङ (एक प्रकारको सुगन्धित फूल) र आन्दोङफुङ ( बाबरी फूल) कलशमा राखी दियो बाली घरको मूल खाँबामा बसी बसको विजय हुन्छ हेर्नु । यदि सेकमुरिफुङ ओइलाएर सुक्यो भने म मरेको ठान्नु । यदि ओन्दोङफुङ ओइलाएर सुक्यो भने दाजु केसामी मरेको ठान्नू ।"

हान्दै गयो तर लासामीले हानेको आठौंपल्ट पनि असफल भयो । केसामी त्यो सिमलको आठौ हाँगामा पुग्यो । त्यसको ठीक माथि नवौं हाँगामा लासामी थियो । त्यसबेला ऊ सँग एउटा तीर मात्र बाँकी थियो । त्यो ती पनि खुंडे थियो । दाजु केसामीलाई मार्ने विचारले एउटा उपाय सोच्दै आफूसँग एउटा तीर बाँकी भए पनि त्यस कुरालाई ढाँटेर लासामीले केसामीलाई भन्यो -" दाइ, अब म सँग कुनै तीर बाकी छैन । अब तिमीले आफ्नो मुख आँ गर । म आफै मुखमा पस्नेछु र मलाई खाऊ ।"

केसामीले भाइको कुरामा विश्वास गरेर आफ्नो मुख आँ...गऱ्यो । त्यसै बखत लासामीले किसामी को मुखमा तीर हान्यो र त्यो तीर लाग्यो ।

उता घरमा मूल खाँवामा बसी ती दुई दाजुभाइको भिडन्तमा कसको विजय हुन्छ भनेर आमाले सेकमुरिफुङ र ओन्दोङफुङ हेर्दै थिइन् । ठीक त्यस बखत ओइलाउन थालेको सेकमुरिफुङ जागेर आयो र आन्दोङफुङ भने ओइलिएर सुक्यो । त्यस बखत आफ्नो जेठो छोरो केसामी मरेको र कान्छो छोरा लासामी  बाँचेको आमाले थाहा पाइन् ।

केसामी सिमलका हाँगाहरु लछार्दै भूइँमा खसेको भए पनि केसामी मरेको छ वा जिउँदै छ भन्ने कुरामा शङ्का थियो । दाजु केसामी मरेको छ वा बाँचेको छ भन्ने कुरा जाँच्नलाई लासामीले त्यही

आङसराङ गाउँको देउराली भन्ने ठाउँमा एउटा ठूलो चप्लेटी ढुङ्गामा चारैतिर खुट्टी बाँधेर त्यस बाघको छाला सुकाइयो र एकै दिनमा त्यो छाला सुक्यो । त्यस बेला देखि त्यो ठाउँको नाम 'सेहोन्नाम्लाङ' अर्थात् छाला सुकुवा डाँडा रह्यो ।

त्यसपछि नुन साट्न त्यो छाला भोटमा लगियो र छालासँग नुन साटेर ल्याइयो । त्यस बेलासम्म केसामी मरेको जुठो सकिएको थिएन । त्यस बेला आमाले लासामीलाई भनिन् ।" दाजुको छालासँग नुन साटेर ल्याएको हुँदा जुठो नसकुन्जेल नुन खानु हुँदैन ।" त्यसै वेलादेखि जुठो पर्दा नून खानु हुँदैन भन्ने नियम लिम्बू समाजमा चलिआएको हो भनी पाँचथरका बूढापाकाहरु भन्छन् ।

दिशातर्फ लागे ।

इरेरे इथुक हाङमा चाहि सौता आउँछे भन्ने रिसले विवाहका सामग्रीहरु नजुटाई घरमा त्यसै बसिरहिन् ।

बाजाइबा पूर्व दिशाबाट 'नाङ्गेन हाङमा' भन्ने तरुनी केटी लिएर आइपुगे । त्यस बेला घरमा फोहोरमैला थियो । इरेरे इथुक हाङ्मा घरको फोहोरमैला कुचोले नबढारी अनुहारमा घुम्टो लगाई अँध्यारो मुख लगाई बसेकी थिइन। उनलाई त्यस्तो अवस्थामा देखेपछि नाङगेन हाङमाले बाजाइबासँग विवाह गर्न अस्वीकार गरिन् र आफ्नो देशमा फर्किन् ।

फेरि बजाइबाले इरेरे इथुक हाङमालाई सम्झाउँदै भने " हामी चेली माइती लोग्नेस्वास्नी भई बस्न हुँदैन र त्यसो गरेमा हामीहरुलाई बज्रले चिरेर मार्छ ।

त्यसपछि बाजाइबा पश्चिम दिशातर्फ गए र त्यहाँबाट 'नामथा हाङमाा' नाम गरेकी तरुरी केटी लिएर घरमा आइपुगे । इरेरे इथुक हाङमाले पहिलेको जस्तै रिस देखाइन् र नामथा हाङमा पनि फर्केर गइन् ।

त्यसपछि बाजाइबा उत्तर दिशातर्फ गए र त्यहाँबाट 'सिनयुक मुदेन हाङमा' नाम गरेकी तरुनी केटी लिएर घरमा आइपुगे । त्यस बेला पनि इरेरे इथुक हाङमारे पहिलेको जस्तो रिस देखाइन् र सिनयुक मुदेन हाङमा फर्केर गइन् । त्यस बेलादेखि ला मा नाहेन ( सौताहरुमा रिसडाह) उत्पन्न भएको हो भनी लिम्बू बूढापाकाहरु भन्दछन् ।

त्यसको अनुकरण गर्दै बाजाइबाले रुखमा घर बनाउने प्रयास गरे तर मानिस पन्छी जाति नभएकाले रुखमा घर बनाउँदा त्यहाँबाट लड्ने सम्भावना भएकाले बाजाइबाले त्यस प्रयासलाई छोडिदिए ।

त्यसपछि बाजाइबालाई आफू बस्ने घर बनाउने कुनै अक्कल थिएन। उनी घर बनाउने अक्कल माग्न सर्वव्यापी परमात्मा तागेरा निङवाफूमासँग वरदान माग्न गए । तागेरा निङवाफुमाबाट वरदान पाएर अलि पर गएपछि उनले भालुले रुखको ठुटामा घर बनाएको देखे । त्यसको अनुकरण गरेर उनले आफ्नो घर बनाउने प्रयास गरे । बीचमा मूल खाँबा चाहिने हुँदा बाजाइबाले तेमन्दिङ वलङ ( दक्षिण दिशा ) बाट सखुवाको खाँवा ल्याए र जमिन सम्याई घडेरी तयार गरे । त्यसपछि उनले घडेरीका बीचमा एउटा खाडल खने त्यसमा सखुवाको खाँबा गाडेर ठड्याउन सखुवाको खाँबा लिन गए तर उनले त्यस खाँबाालाई उचाल्न सकेनन् । अन्तमा उनले साप्परी हाङमा भन्ने तरुनी केटीको सहायताबाट त्यो सखुवाको खाँबा बोकी आफूले तयार पारेको घडेरीमा पु-याए । साप्परी हाङमाले त्यो खाँबाको फेद समातिन र बाजाइबाले खाँबाको टुप्पो समाते। त्यसपछि उनीले त्यो खाडमा गाड्न खोजे । त्यसै बेला साप्परी हाङमाको कपालबाट काँगियो खाडलमा झ-यो । उनले आफ्नो काँगियो झिक्न खाडलमा पस्दा बाजायबाले थाम्न नसकी खाँबालाई छाडिदिदा साप्पारी हाङमा त्यही किचिएर मरिन् । त्यो खाँबालाई बाजाइब्राले बोक्न नसक्ने हुँदा त्यही खाडलमा खाँबालाई गाडी उभ्याए र खाडललाई पुरपार गरे । त्यसपछि बाजाइबाले त्यहाँ घर बनाए । यसरी बाजाइबाले ‘समेल्ला काङयामा’ भन्ने ठाउँमा मानवजातिको पहिलो घर बनाए भन्ने लिम्बू बूढापाकाहरुको धारणा छ ।

त्यसको केही दिनपछि बाजाइबाको घरको मूल खाँबामा धमिरा लागेर घर ढल्यो । बाजाइबाले फेरि घर बनाए तर त्यो पनि धमिरा लाग्नाले ढल्यो । यसरी बाजाइबाले धेरैपल्ट घर बनाए र धमिरा झार्नलाई सल्लाह लिन बाबु सोधुगेन लेप्मुहाङकहाँ गए । उनले सोधुगेन लेप्मुहाङलाई सोधे-" मैले धेरैपल्ट घरहरु बनाएँ तर मूल खाँबामा धमिरा लाग्नाले धेरैपल्ट मेरो घर ढल्यो । धमिरा झार्न लाई के गर्नुपर्छ सल्लाह लिन म तपाइ कहाँ आएको हुँ । "

उनको कुरा सुनेपछि सोधुगेन लेप्मुहाङले केसाङमि, सामकेलो, फुङदेन हाङबा, केबाफुङबा, केलाङबा नाम गरेका पुरोहितहरुलाई छोराका साथमा पठाइदिए। उनीहरुलाई घरमा ल्याई आदर सत्कार गरेपछि बाजाइबाले भने-" मैले धेरै पल्ट घरहरु बनाएँ तर मूल खाँबामा धमिरा लाग्नाले धेरैपल्ट मेरो घर ढल्यो । धमिरा झार्नलाई मैले के के गर्नुपर्छ तपाईहरुले नै बताइदिनोस् ।"

उनीहरुले भने-" धमिरा झार्ने हो भने घरको मूल खाँबाको वरिपरि रातभर ढोल बनाउँदै गीत गाउँदै नाच्नुपर्छ ।"

बाजाइबाले उनीहरुसँग सोधे-" हाम्रो देशमा ढोल छैन। ढोल कहाँबाट ल्याउनू ? तपाईहरुले नै बताइदिनोस् ।"

त्यसपछि लासमीले बाँसको सिउरो बनाए र त्यसमा पाङग्रा उनेर ढोलभित्र राखे । त्यो ढोल बनाउँदा बजाउँदा बाघको जस्तो हुरुङ आबाज आयो । त्यसपछि खुसी भएर आमाले लासामीलाई भनिन्- " केसामी र लासामी मेरा दुई छोराहरु थिए । उनीहरुमा मेरो माया बराबर थियो । तिमीले आफ्नो दाजु केसामीलाई मा-यौ तापनि यो ढोल बनाएर केसामीलाई अमर बनायौ । तिमी धन्य रहेछौ । केसामी मरेकोमा अब मलाई कुनै अपसोच छैन।"

लासामीले ढोल तयार गरेपछि बाजाइबालाई त्यो ढोल दिए र त्यो ढोल लिएर बाजाइबा आफ्नो घरमा आइपुगे ।त्यही ढोल बनाएर केसाङमिबा, सामकेलो, सामकेलो, फुङदेन हाङबा, केबाफुङबा, केलाङबा बाजाइबाको घरको मूल खाँबामा धमिरा लाग्न छोड्यो र घर ढल्न छोड्यो । यसरी ढोलनाचको उत्पत्ति भएको हो भन्ने लिम्बू बूढापाकाहरुको भनाइ छ। आज पनि लिम्बूहरु नयाँ घर बनाइसकेपछि रातभर ढोल बनाउँदै गीत गाउँदै नया घरको मूल खाँबा वरिपरि नाच्छन्। यसलाई 'थोक थम्बा' भनिन्छ ।

सोघा कहिले पशु, कहिले पन्छी, कहिले वायु हुँदै भाग्दै जान्थ्यो । अन्तमा उनीहरुले एउटा ओढारमा चमेरोको रुपमा त्यो सोघालाई भेट्टाए । उनीहरुले त्यसलाई मर्न खोज्दा सोघा आफै बोल्न थाल्यो र भन्यो - " मलाई मार्नु भयो भने तपाइँहरुको खाने बाटो हराउँछ । त्यस कारण मलाई नमार्नोस् । घुङरिङको सेउली, हाँडीको खपेटा, कुखुराको फुल, सल्लाको खोटाले मेरो बाटो थुन्नू । मलाई थुन्दा घुङरिङको सेउली जङ्गल होस्, हाँडीको खपेटा पहाड होस्, कुखुराको फुल समुद्र होस्, सल्लाको खोटो अग्निको ज्वाला होस् भन्नू र तिनीहरुले मेरो बाटो थुन्नु भन्नु म बाह्र वर्षसम्म आउने छुइनँ । एउटा फटेङ्ग्रा मारेर लगी बाजाइबालाई सोघा मा~यौ भन्नू र तपाईहरुले खाने बाटो भइरहन्छ ,"

सोघाको कुरा सुनेपछि ती पुरोहितहरु सोघालाई नमारी फर्के । उनीहरुले सोघालाई मा~यौ भनी एउटा मरेको फटेङग्रा बाजाइबालाई देखाए । त्यसपछि उनीहरु आफ्नो ठाउँ सोधुङ लेप्मुतुम्बेमा गए । त्यस बेलादेखि सोघालाई मार्न सकिदैन तर त्यसको बाटो भने थुन्न सकिन्छ भन्ने कुरामा अझै पनि लिम्बूहरु विश्वास गर्छन् ।

लुके गोबर पानी लगाउँछौ । तिमीलाई यो कुरा मन्जुर छ, छैन ?
लुप्लिना वदङमाले भनिन्-" मन्जुर छ ।"

त्यसपछि बाजाइबालाई सोधे- तिमीहरुको मन नमिलेर तिमीले अर्की केटी ल्याई आफ्नी स्वास्नी छोडेमा अर्थात् खेमजोङ गरेमा तिमीले आठ सय रुयैया तिर्नुपर्नेछ । तिमीलाई यो कुरा मन्जुर छ, छैन ?"
बाजाइबाले भने -" मलाई मन्जुर छ ।"

त्यस पछि उनले लुप्लिना वदङनामालाई सोधे -" तिमीहरु राजीखुसीले बिहे गरेपछि तिमीले पछि मेरो लोग्नेको रुप नराम्रो छ अथवा गरिब छ भनी हेला गरी आफ्ना लोग्ने छोडेर अर्थात नाजोङ गरेमा तिमीले नौ सय रुपियाँ तिर्नुपर्ने । तिमीलाई यो कुरा मन्जुर छ, छैन ?"

लुप्लिना बदङनामाले भनिन्-" मलाई मन्जुर छ ।"

त्यसपछि उनले बाजाइबालाई एउटा युप्पारुङ याङ (रुपियाँ) वदङनामालाई दिन लगाए र वदङनामालाई भने-" यदि तिमीहरु दुई लोग्नेस्वास्नीको मन मिल्दामिल्दै तिम्रा लोग्नेले सौता ल्याएमा यही युप्पारुङ( रुपियाँ) ले तिम्रा लोग्नेको निधारमा हान्नू । त्यसपछि तिमी अर्कासँग जान पाउनेछौ र जारी, चोरी, खत केही लाग्ने छैन ।"

यसरी वाचा बन्धन गराई पुरोहितले बाजाइबा र लुप्लिमा वनङमाको बिहे गराए । किराँतीहरुको धार्मिक ग्रन्थअनुसार उनीहरुको विवाह मानवजातिमा पहिलो दुलहाले दुलहीलाई बिहेको बेला युप्पारुङ याङ (रुपियाँ) दिन्छ र लोग्नेले सौता ल्याएमा स्वास्नीले लोग्नेको निधारमा त्यस रुपियाँले हानी गई भने छोडपत्रसरह मानिनेछ ।

बाजाइबा सोधुङ लेप्मुतेम्बेमा गई आफ्ना पिता सोधुगेन लेप्मुहाङसँग आफ्ना सबै कुराहरु भने । त्यसपछि 'खानपिन र रहनसहनमा दुःख नपाउने गरी तिम्री बहिनीलाई आफ्नो देशमा लागू' भनी बाबुले भनेपछि बाजाइबालाई आफ्नी बहिनी इरेरे इथुक हाङमालाई आफ्नो घरमा ल्याए । बाजाइबा र लुप्लिना वदङनामा सधैं खेतीपाती गर्न बाहिर जान्थे । इरेरे इथुक हाङमा भने खुट्टाले कोक्रो हल्लाउँदै बालकलाई खेलाउँथिन् र यस प्रकारको गीत गाउँथिन् -

" पा मेबा साए मा मेबा साए
फकफके साए याङयाङगे साए,
साप्लिङगे मा ग तेहेबा साए,
लाङसोरे जामा पेनाम वान्दुरो ।"

(अर्थात् आमाबाबू नभएको बतासे, डल्ले भ्यागुता जस्तो डोको जत्रो बुख बाई रुने छोरा । )

मध्यदिनमा लुप्लिना वदङनामा आफ्नो छोरालाई हेर्न आउँदा इरेरे इथुहाङमाले आफ्नो छोरोलाई आमाबाबु नभएको बतासे, डल्ले भ्यागुता जस्तो डोको जत्रो मुख बाई रुने भन्दै गीत गाइरहेको सुनेर असाध्य रिसाइन् । बेलुका खानपिन गरेपछि सुत्न जाँदा उनले सबै कुरा आफ्ना लोग्ने बाजाइबालाई सुनाइन् ।स्वास्नीले भनेको कुरा साँचो हो वा होइन जाँच्नलाई बाजाइबा भोलिपल्ट खेती गर्न नगई घरमा ढुकी बसे । इरेरे इथुक हाङमा कोक्रो हल्लाउँदै गीत गाउन थालिन् । यो सुनेर बाजाइबा रिसले चूर भए । उनले आफ्नो खुकुरी झिकेर बहिनी इरेरे

इरेरे इथुक हाङमाको हातमा नदिएर तिनका स्तनमा हानिदिनोस्।"

लुप्लिना वदङनामाले भने जस्तै बाजाइबाले कुफुलहरुको गुच्छामा तीनपल्ट थुकी इरेरे इथुक हाङमाको स्तनमा हिर्काए । त्यसपछि उनी बिरामी हुन थालिन् । बाजाइबाले इरेरे् इथुक हाङमाको स्तनमा हिर्काए । त्यसपछि उनी बिरामी हुन थालिन् । बाजाइबाले सबै फेजिरी फेदाङबा येबाहरुलाई नाली कुलेन(घूस) दिएर सत्य कुरा नभनिदिनू भने । इरेरे इथुक हाङमाको कुनै उपचार हुन नसकी सात दिन बित्यो । सातौं दिनको बेलुकी फकथिम्बा (लाटोकोसेरो) फेदाङबा आयो । उसलाई बाजाइबाले घूस दिन पाएका थिएनन् । इरेरे इथुक हाङमाको जोखना हेर्दा उसले सत्य कुरा भनिदियो -" तिम्रा दाजु बाजाइबाले तन्त्रमन्त्र गरेर फूलको गुच्छाले तिम्रो स्तनमा हिर्काएकाले कुनै उपचार हुँदैन । अब तिमी नवौ दिनमा मर्नेछौ ।"

यो कुरा बाजाइबाले थाहा पाएपछि रिसले चूर हुँदै भने-" यो लाटोकोसेरो कहाँबाट आएर साँचो कुरा भन्दैछ ।"

बाजाइबालाई अब आफ्नो पोल खुल्ला भन्ने डर भयो । त्यसपछि उनले आफ्नो खुकुरी झिकेर लाटोकोसेरोको टाउको चट्टै छिनाए तर लाटोकोसेरोमा तान्त्रिक शक्ति भएकाले आफ्नो टाउको फेरी जोड्यो । त्यस बेलादेखि लाटोकोसेरोले आफ्नो टाउको वरिपरि घुमाउँछ भन्ने भनाइ छ ।

---

दशमा छोराको लाश हन गए । त्यस बेला इरर इथुक हाङमाको लाशबाट दुर्गन्ध आइसकेको थियो । उनी शोकले विह्वल भए र आँसु झारे । त्यसपछि सोधुगेन लेप्मुहाङले कसरी के भएर आफ्नी छोरी मरी भन्ने कुरा जान्नलाई सबै फेजिरी फेदाङबा याबाहरुलाई झिकाए तर उनीहरु सबैलाई बाजाइबाले घूस दिई सत्य कुरा नभनिदिनू भनिसकेकाले उनीहरु सबैले इरेरे इथुक हाङमा कालगतिले मरेकी हुन्, भने त्यही बेला फकथिम्बा (लाटोकोसेरो) आइपुग्यो र भन्यो " तन्त्रमन्त्र गरी फूलको गुच्छामा तीनपल्ट थुकी त्यो फूलको गुच्छाले बाजाइबाले इरेरे इथुक हाङमाको स्तनमा हिर्काउँदा उनी विरामी भई मरेकी हुन् ।"

सोधुगेन लेप्मुहाङले लाटोकोसेरोका कुरा सुनेपछि रिसले चूर भए र भने-" अघि मेरी छोरी इरेरे इथु लुङमालाई खजुरोले चिल्दा म बज्र भएर खजुरोलाई मारेका थिएँ । अब मेरी छोरी इरेरे इथुक हाङमालाई मार्ने सबैलाई मार्छु ।"

त्यसपछि सोधुगेन लेप्मुहाङमाले दुईटा सल्लाका बोटहरु नुहाए र बाजाइबाका दुइटा खुट्टाहरु दुईतिर रुखको टुप्पोमा बाँधी छोडिदिए । ती सल्लाका बोटहरु उछिट्टिएर जाँदा बाजाइबाको शरीर टुक्राटुक्रा भयो र आन्द्रा चाहि सिमलीको बोटमा खस्यो । हिजोआज सिमलीको बोटमा पाइने पात नभएको पहेलो लहरा बाजाइबाकै आन्द्रा हो भन्ने कुरामा विश्वास गरिन्छ । त्यसपछि सोधुगेन लेप्मुहाङले आफ्ना छोरा बाजाइबालाई किराँतीहरुले दोबाटामा पुज्ने देवता 'साबा येत्हाङसा' हुनेछौ भनी वरदान दिए ।

समुन्द्रमा बगाए तर उनी मरेनन् । सोधुगेन लेप्मुहाङले उनलाई हावामा उडाए तर पनि उनी मरेनन् ।जे गर्दा पनि उनी नमरेकाले सोधुगेन लेप्मुहाङ छक्क परे । त्यसपछि एकाराङले तकेराङ्ले आफ्नो बाजेलाई भने " मलाई वरदान दिनुहुन्छ भने म मरिदिन्छु ।"

त्यसपछि सोधुगेन लेप्मुहाङले उनलाई वरदान दिदै भने- " तिमी ओक्वामा देवता हुनेछौ र किराँतीहरुले तिमीलाई घरको मूल खाँबामा पुज्नेछन् ।"

त्यसपछि सोधुगेन लेप्मुहाङ आफ्नी कान्छी छोरीलाई सम्झीसम्झी रुन थाले र उनलाई वरदान दिदै भने-" किराँत कुलमा तन्नेरी तरुनीहरुले फूल यौवन ओइलाउँदा तिमीले मान मर्यादा पाउनेछौं ।" त्यपछि सोधुगेन लेप्मुहाङ बज्रको रुप लिई आकाशतर्फ प्रस्थान गरे ।

त्यसबेलादेखि लिम्बू समाजमा तन्नेरी र तरुनीहरु 'फुङवाचामा' गर्छन् । त्यस बेला मुकुमफुङ, सेकमुरिफुङ र अन्य फूलहरु तथा कोपिलाहरु लोहटामा राखिन्छन् । तन्नेरी तरुनीहरुको यौवन नओइलाओस् भनेर भेटी, एक माना चामल र चामलमाथि कलश राखिन्छ, त्यसपछि फेदाङबाले मुन्धुम पढ्छन् । फूलहरु जागेर आए भने पञ्च भलाद्मीहरुले 'शिर उठयो है' भन्दछन् ओइलिएर गए भने त्यसलाई राम्रो मानिदैन । त्यपछि तन्नेरी तरुनीहरु छेलो खेल्छन् र सीमा नघाउन सकेमा शिर उठेको मानिन्छ ।

पनि खेती गरेको ठाउँमा जाँदा अधुरो रहेको मेलोमेसो सबै सम्पन्न भएको उनीहरुले पाए । दुवै जना छोराहरु आश्चर्य माने ।

नजिकको एउटा सिस्नोको बाटोमा 'तोराना' चरा बसेको थियो । उसले ती दुई जना छोराहरुको जिज्ञासालाई पूरा गऱ्यो । तोरोना चराले उनीहरुलाई भन्यो-" हे मित्रहरु ! यो काम तिमीहरुको आमा इरेरे इथुकहाङमा आएर रातभरि गरी बिहान भाले बासेपछि आफ्नो चेथापसँगै फर्किन्छिन् ।"

यो कुरा सुनेर ती दुई जना छोराहरुले राति ढुकी आमालाई समाती घर लानुपर्छ भन्ने सल्लाह गरे । उनीहरु खेतमा मरेकी आमालाई ढुक्न बसे । मध्यरातमा चेथापसँग उनीहरुकी मरेकी आमा आइन् । त्यस बेला दुई भाइ छोराहरुले आमालाई समात्न झम्टे । आमाले उनीहरुलाई भनिन्-" म तिमीहरुकी आमा हुँ तर म मरिसकेकी हुँदा शेषान्तर भएकी छु, तिमीहरुले जमिन किनेपनि मलाई गाड्नू । लोग्नेमान्छे मर्दा चार दिन र स्वास्नीमान्छे मर्दा तीन दिन छाक बार्नू । लसुन अदुवाले पिण्ड मन्साउनू । त्यसो गरेपछि मात्र मेरो आत्मा साग्राम पेदाङ (स्वर्ग) मा जान्छ र मेरो देह यो लोकमा रहँदैन ।"

त्यसपछि ती दुई जना छोराहरुले आमाले भने जस्तै गरे र मरेकी आमा फेरी खेती गर्न आइनन् । त्यस बेलादेखि लिम्बू समाजमा जमिन किनेको भनी चिहानमा पैसा चढाउनुपर्ने नियम र काजक्रिया गर्ने चलन चलिआएको हो भनी लिम्बू बूढापाकाहरु भन्छन् ।

लखेट्दै आउँदा ससुरालीहरुले उनीहरुमध्ये एक जनालाई सोधे-" सिकार त यहाँ न आइपुगको हुनुपर्छ र ज्वाईले कैफियत गर्नुभयो कि ?"

एकजना ज्वाईले तिनीहरुलाई मुष्टे चरी देखाए र सुसरालीहरुले भने - यही त हामीहरुको शिकार हो "

त्यसपछि तिनीहरुले त्यसको पकुवा तयार गरी सिकारी देवताई चढाए । तिमीहरुले त्यो चरीकोदाहिने फिला ढुकुवा ज्वाईहरुलाई दिए । ती ज्वाईहरुध्ये एकजनाले मुष्टे चरीको फिलो कानमा सिउरी आफ्नो घरमा आइपुगे । त्यसबेला सिबादिङ निङफुङदिङमा तान बुनिरहेकी थिइन् । आफ्नो लोग्नेहरु आएको देखेर तिनले सोधिन्-खोइ ? तपाईहरुले सिकार ल्याउनुभयो।"

उनीहरुमध्ये एक जनाले भने-" तेरो माइतीको सिकार यही हो, ला ।" त्यसपछि त्यो चरीको फिला तानमा फालिदिए र तानै भाँचिच्यो । त्यसपछि त्यो चरीको फिला उफ्रेर सिबादिङ निङफुङदिङमाको फिलामा लाग्यो । उनको फिलामा लाग्यो । उनको फिला भाँच्चयो ।

त्यसपछि सिबादिङ निङफुङदिङमाले आफू खुनी भएको कुरा माइतीमा उजुर गरिन् । त्यसपछि खेमासा (शेषान्तर) हरुले के सल्लाह गरे भने याप्मीसा (मानिस) हरुले हामीहरुसँग इगेचुम (मित्रवत् व्यवहार( नगरेकाले अबदेखि छुट्टिने, देखादेख पनि नगर्ने र बिहेबारी नगर्ने । त्यसपछि खेमासा र याप्मीसाका बीचमा सोह्र हात कपडा राखी देखादेख भयो वा भएन भनी सोधियो तैपनि देखादेख भयो । फेरि वनबाट उन्यू ल्याएर बीचमा राखियो । त्यसपछि देखादेख भयो वा भएन भनी सोधियो र देखादेख हुन छोड्यो । त्यस बेलादेखि खेमासा (शेषान्तर) र याप्मीमा (मानिस) हरुका बीचमा बिहेबारी हुन छाड्यो भन्ने भनाइ छ ।

पृथ्वी सुनसान र नरमाइलो थियो । तयसपछि पोरोक्मी यम्फामिबाले पृथ्वीलाई रमाइलो बनाउन मानिसको सृष्टि गर्न थाले । मानिस सधैं अमर होस् भन्ने विचार पोरोक्मी यम्फामिबाले सुन, चाँदी, तामा, फलाम, हीरा, मोतिको मानव शरीर बनाए । उनले त्यसमा सास हाल्ने प्रयास गरे तर त्यो मानव शरीरमा सास पस्न सकेन र मानिस सृष्टि हुन सकेन ।

त्यसपछि पोरोक्मी यम्फामिबा तागेरा निङवाफुमाको खुट्टापट्टि सिरानी राखी सुते । राति सपनामा उनले के देखे भने मुनातेम्बे खाम्पुतेम्बेमा मालिङ्लो, निगालो, खपतरी इत्यादि बाँसहरु आगोमा डढी खरानी बन्यो । त्यसपछि उनले त्यही खरानीलाई सिरुको पातमा रहेका शीत (वहित) मुछे र त्यसबाट मानव शरीरको मूर्ति बनाए । त्यसपछि उनले त्यस मानव शरीरको मूर्तिमा मुख बनाए । मुख बनाइसकेपछि त्यो मूर्ति बोल्छ बोल्दैन भनी जाँच्नलाई उनले 'हुँ' भनी बोलाए । त्यस मूर्तिले 'उँ' भनी जवाफ दियो । त्यसले खान्छ वा खाँदैन भनी जाँच्नलाई उनले मुखमा खानेकुरा राखिदिए र फुक्दा उनले राखेको खाने कुरा मुखबाट भुँडीमा पुग्यो र मलद्वारबाट बाहिर निस्क्यो । त्यस मूर्तिको पानी खान्छ वा खाँदैन भनी जाँच्नलाई उनले त्यस मूर्तिको मुखमा पानी हालिदिए र फुक्दा त्यो पानी उसले निल्यो र त्यो पानी मूत्रद्वारबाट बाहिर निस्क्यो ।

त्यसपछि पोरोक्मी यम्फामिबाले त्यस मूर्तिमा आँखा राखे र उसले देख्न थाल्यो । त्यसपछि उनले त्यस मूर्तिमा कान राखेर र उसले

खरानीबाट मानव शरीरको मूर्ति बनाए र मानिसको सृष्टि गरे । त्यस बेला उनको मनमा यो विचार उठिरहेको थियो-" मानव जाति अमर होस् भनेर मैले सुन, चाँदी, तामा, फलाम, हिरा, मोतिको मानिस बनाएको थिएँ तर मैले त्यसमा सास हाल्न सकिँन । खरानीबाट बनेको यो नाथे मानिसले पृथ्वीमा के गर्ला ? थुक्क ! " उनले थुक्दा खरानीबाट बनेको त्यो मानिस ढलेर मरिगयो । त्यसपछि उनी फेरी तागेरा निङवाफुमाकहाँ गएर बिन्ती गरे-" मैले मानिस त बनाएँ तर रिसको झोकमा थुक्दा त्या ढलेर मऱ्यो । अब म के गरु ?

त्यसपछि तागेरा निङवाफुमाले भने-" त्यो शरीर ढली मरेको हुँदा 'माङगेन्ना' को पूजा गर्नू र त्यो बाँच्नेछ तर त्यो मानिस भने अमर हुँदैन । मानिसले जन्म लिएपछि एकपल्ट मर्नैपर्छ ।"

तागेरा निङवाफुमाले यति भनेपछि पोरोक्मी यम्फमिबाले 'माङगेन्ना' को पूजा गरे र त्यो मानिसलाई फेरि बचाए तर मानिसजाति भने अमर हुन सकेन । त्यस बेलादेखि शिर ठाडो पार्नलाई 'माङगेन्ना' को पूजा गर्ने चलन, अरुलाई थुक्न हुँदैन भन्ने नियम र मालिङ्गो मासिएमा किराँतीहरु मासिन्छन् भन्ने विश्वास लिम्बू समाजमा आजसम्म चलिआएको छ ।

घनघोर जङ्गल थियो । सुदाप पुग्न नपाउँदै जङ्गलमा भाइ मऱ्यो र दाजु छोडदेन मूर्च्छा परे । घाँस दाउरा गर्नेहरुले दाजु छोडदेनलाई जङ्गलमा मूर्च्छा परिरहेको देखे । उनीहरुले औषधी उपचार गरेर उनलाई बचाए । त्यसपछि दाजु छोडदेन एक्लै सुदापमा गए । दाजु छोडदेन सुदापमा पुगेपछि भने - " हामीहरु तपाईलाई मद्दत त गर्छौं तर त्यसबापत तपाईले हामीहरुलाई के दिनु हुन्छ । "

छोडदेन दाजुले जवाफ दिंदै भने -" रुदुवा राईहरुलाई मास्न तपाईहरु मलाई सहायता दिनोस् र जित भयो भने म तपाईहरुलाई हात्तीखर्कको सबै जग्गा दिनेछु थर पूजाका लागि एक मुरी माटोको खेत मलाई राखिदिनुपर्छ ।"

खेवा लिम्बूहरुले उनका सर्तहरुलाई मन्जुर गरे र उनीहरु धनकुटाको सिधुँवाबाट माङमाया खोला तर्फ झरे । उनीहरु माङमाया खोलाबाट ओख्र ` खोलातिर लागे र आख्र फेदीबाट बास बसे । भोलिपल्ट उनीहरु ओख्र ` फेदीबाट हात्तीखर्कतर्फ उकालो लागे । हात्तीखर्कमा खेवा लिम्बूहरु र रुदुवा राईहरुको बीचमा घमासान लडाइ भयो । अन्तमा खेवा लिम्बूहरुको जित भयो । उनीहरुले रुदुबा राईहरुलाई लखेट्दै छामलाङ खोला कटाए । त्यसपछि हात्तीखर्क खेवा लिम्बूहरु अधिकारमा आयो तर पूर्वसर्तअनुसार एक मुरी माटोको खेत दाजु छोडदेनलाई दिइयो । त्यसपछि दाजु छोडदेन धनकुटामा आए र आठपहरिया राई समाजमा सम्मिलित भए । आज पनि छोडदेन आठपरिया राईहरु बर्सेनी धुले पूजा गर्न धनकुटाबाट हात्तीखर्कमा नै जान्छन् र उनीहरु एक मुरी माटोको खेत त्यहाँ आजसम्म छँदैछ ।

पाए भने त्यस बेला कलियुग सुरु भइसकेको हुनाले मृगलाई तीरले नलागेको रहेछ । त्यस बेला बूढा सुब्बाले हानेको तीर मृगलाई नलागेर बूढा सुब्बाले आफू पृथ्वीबाट अल्पिने विचार गरे र विजयपुरमा नै आफ्ना मटेङ्ग्रा र गुलेली राखेर उनी अल्पिए । बहिनी गौरी पनि दाजुलाई पछ्याउँदै आउँदै थिइन् र विजयपुरमा उनले बूढा सुब्बालाई कहीं पनि देखिनन् तर एक ठाउँमा उनले बूढा सुब्बाको मटेङ्ग्रा र गुलेली देखिन् । उनले ध्यान दृष्टिले विचार गर्दा के थाहा पाइन् भने त्यहाँ नै बूढा सुब्बा अल्पिएका रहेछन् । त्यसपछि उनी पनि त्यहाँ नै अल्पिइन् । यसरी गौरी अल्पिएको ठाउँ आजसम्म पनि विजयपुरमा बूढा सुब्बाको नजिक छँदैछ ।

स्वाब्रुङबा र रानी गाउँबाट म्याउ गर्द आउँछा ।"

ती नोकरचाकरहरुले साँबा राजाहरुलाई आफ्ना राजाले भने जस्तै रक्सी खुवाई मताए ।उनीहरु मातेपछि ती नोकरचाकरहरु म्याउँ भन्दै कराउन थाले । उनीहरुको आवाज सुनेपछि पापु हांग दलबलसहित साँबाचेप्पामा आए र साँबा राजाहरुमाथि आक्रमण गरे । त्यसपछि उनीहरु त्यहाँबाट भागेर रानी गाउँको थोङसेलिडमा पुगे । त्यहाँ पापु हांग र साँबा राजाहरुबचिमा ठूलो लडाइँ भयो । त्यस बेलादेखि त्यो गाउँको नाम 'थोङसेलिङ' रह्यो । थोङ भनेको लिम्बू भाषा लडाइँ हो । त्यो गाउँमा पापु हांग र साँबा राजााहरुको लडाइँ भएकोले त्यो गाउँको नाम 'थोङसेलिङ' रह्यो ।

पापुहांगले साँबा राजाहरुलाई त्यस गाउँबाट लखेट्दै वानथाकमा पु-याए । त्यहाँ उनले उनीहरुका घोडाहरु मारेर थुप्रो लगाए र त्यस बेला देखि त्यो गाउँको नाम वानथाक रह्यो । 'वान' भनेको लिम्बू भाषामा घोडा र थाक भनेको थुप्रो हो र त्यहाँ घोडाहरु मारी थुप्रो लगाएकोले त्यो गाउँको नाम वानथाक रह्यो । त्यहाँ घोडाहरु गाडेका चिहानहरु अझै छँदैछन् ।

त्यसपछि पापु हांगले उनीहरुलाई हाङथुवा भन्ने गाउँमा पु-याए र उनीहरुलाई ढुंगाले हिर्काए । हाङ भनेको लिम्बू भाषामा राजा थुवा र भनेको हिर्काएको हो । त्यहाँ पापुहांग साँबा राजाहरुलाई ढुंगाले हिर्काएकाले त्यस बेलादेखि त्यो गाउँको नाम हाङथुवा रहेको हो । त्यसपछि साँबा राजाहरु ताप्लेजुङ्ग तर्फ लागे र पाँचथरमा फेरि आक्रमण गर्न सकेनन् ।

काठमाण्डौ जाने सल्लाह गरे । उनीहरुले बागदल योङयाङलाई आफ्नो नेता चुने । त्यसपछि बाउन्न जना सुब्बाहरु भरियाहरु लगाई पहाडको बाटो पन्ध्र दिन लगाएर काठमाडौं पुगे। ती भरियाहरु मध्ये एक जना बागदल योङयाङको भारी बोकी जाने मोहन सिंह योङयाङ थियो । उनी बागदल योङयाङका आफ्नै भाइ थिए ।

काठमाण्डौ पुगेपछि बागदल योङयाङले श्री ५ रणबहादुर शाहको हजुरमा बिन्ती गरे-“ सरकार ! हामीहरुलाई नगरा निशान हातहतियार बन्दुक दिइबक्सियोस् । हामीहरु आफै अंग्रेजहरुसँग लडी हाम्रा क्षेत्रहरुको सुरक्षा गर्छौं ।”

राजाबाट हुकूम भयो-“ तिमीहरु नगरा निशान लान्छौ भने बाह्र धार्नीको खडकुँडामा तेल उमालिन्छ र त्यसमा एउटा चाँदीको रुपियाँ राखिन्छ । उमालेको तलमा त्यो चाँदीको रुपियाँ तिमीहरुमध्ये एकजनाले हातले झिक्नुपर्छ र त्यसले सातवटा बरको पात र सातवटा पिलको पातपाई प्वाल पार्नुपर्छ । त्यसपछि मात्र म तिमीहरुलाई नगरा निशान दिन्छु ।”

राजाको कुरा सुनेर बाउन्न जना सुब्बाहरु अकमक्किए । त्यसपछि राजाले बाह्र धार्नीको खडकुँडामा तेल उमाल्न लगाई त्यस भित्र चाँदीको रुपियाँ राखी त्यो चाँदीको रुपयिाँ आगो जस्तो रातो भएपछि भने-“ अब तिमीहरुमध्ये एक जना अगाडि बढ र खडकुँडाबाट चाँदीको रुपियाँ झिकी सातवटा बरको पात र सातवटा पिपलको पातलाई प्वार पार । त्यसपछि तिमीहरुले नगरा निशान लानू ।”

पाइएन । त्यो देखेर सबै जना छक्क परे । त्यसपछि कसैले ढाल, तलबार, त्रिशूल चलाउँदै नचाउँदै, कसैले कर्नाल, कसैले नरसिंगा, कसैले डमरु, कसैले शङ्ख, कसैले बन्दुक पड्काउदै राजाबाट नगरा निशान लिई बाउन्न जना सुब्बाहरु काठमाण्डौबाट याङरुपमा आए । उनीहरुले याङरुपको थर्पू टुँडिखेलमा बाउन्न वटा मौलाहरु गाडी योङयाङ सुब्बाको मातहतमा दशैंको बेला मौलोमा निशान राखेर नगरा बजाएर उत्सव मनाउने चलन बसाए ।

पल्लो किराँत लिम्बूवानमा दशैको बेला मौकामा निशान राखेर नगरा बजाएर उत्सव मनाउने चलन भूमिसुधार लागू भएपछि हराएर गयो तर याङरुपको थर्पू गाउँमा भने यो चलन भूमिसुाधर लागू भएिपछि हराएर गयो तर तर याङरुपको थर्पू गाउँमा भने यो चलन आपनि हराएको छैन। गएको वर्ष नगरा निशान जिम्मालिने सुब्बाले दशैमा अष्टमीको दिन थर्पू टुँडिखेलमा बुझाउँछ । भोलिपल्ट नवमीको दिन बसैकाले नगरा,कसैले कर्नाल, कसैले शङ्ख, कसैले नरसिंगा, कसैले डमरु, कसैले बन्दुक पड्काउँदै थर्पू टुँडिखेलमा आजपनि सुब्बाहरु धुमधामसँग नाच्छन् र उत्सव मनाउँछन् । त्यसपछि बेलकी साँझतिर अर्को वर्ष जुन सुब्बाको पालो छ त्यसलाई नगरा निशान बुझाउने परम्परा अहिलेसम्म पनि कायमै छ ।

---

बालाही जस्ती भइन् । उनी कहिले सुसाल्थिन्, कहिले गीत गाउँथिन् र कहिले पात बजाउँथिन् । एकदिन आफ्नो बाँया खुट्टा रुखमा चढाएर सुसेल्दै गीत गाउँदै बसिरहेको अवसथमा वायुले कसैको वीई उडाउँदै ल्यायो र उनीलाई गर्भाधान ग~यो । त्यसपछि उनी बौलाही जस्ती हुन छोडिन् ।

दस महिनापछि उनीबाट एक सुन्दर बालकको जन्म भयो । लोग्ने नभएकी स्त्रीबाट कसरी छोरा जन्म्यो भन्ने कुराले आकाश, जल, पृथ्वी र अग्नि देवताहरुमा खलबली मच्चियो, अन्तमा वायुले वीर्य उडाउँदै लगेर मुजिँना खेयोङनालाई गर्भाधान गरेको कुरा बताए । त्यसपछि ती देवताहरुले त्यो बालक पोरोक्मी यम्फमिवा अथवा सोधुगेन लेप्पुहाङमध्ये कुनै एक देवताको वीर्यबाट जन्मेको हुनपर्छ भनी अन्दाज लगाए र सभा विसर्जन गरे ।

मुजिङना खेयाङनाको छोरा जन्मेको चार दिनपछि याङदाङफेक्सु (न्वारान) गरियो र त्यो बालकको नाम 'सुसुलालाबेप्पा' राखियो । त्यो बालक दिनप्रतिदिन बढ्द्रै गयो तर तीन महिनापछि त्यो बालकको ओजन अकस्मात घट्यो । त्यो बालक बोक्दा अत्यन्तै हलुङ्गो भयो र राख्दा अँजुलीमा अटाउने भयो । आफ्नो छोराको यो अवस्था देखेर मुजिङना खेयोङनाले परमात्मा तागेरा निङवाफुमासँग भनिन्-" मेरो छोरा दिन दिनै सुक्दैछ र घट्दैछ । के कुराले यस्तो भएको हो मैले जानिनँ । कृपया मलाई बताइदिनोस् । हे तागेरा निङवाफुकमा ।"

तागेरा निङवाफुमाले भने -" हे बुद्धि नभएकी मुजिङना ! पर ढाँड परेको भीरमा केकयोक्ना (सरोको पात) छ । त्यहाँबाट त्यो पात

आवश्यकता पऱ्यो र तपाईले धनुबाण बनाइदिनोस् ।”

आमा मुजिङना खेयोङनाले जवाफ दिइन् -“ म स्त्री जाति हुँ र त्यसमाथि मेरो लोग्ने नभएकोले मलाई धनुबाण बनाउन आउँदेन । तिमी हाम्फरीमाथि इम्बिरी भन्ने ठाउँमा जाऊ र त्यहाँ तिमी आफैले धनुबाण बनाउन सिक ।”

त्यसपछि सुसुलालाबेपपा त्यहाँ गयो र धनुबाण बनाउन सिक्यो । त्यसपछि उ एक दिन जङ्गलमा सिकार खेल्न गयो । त्यहाँ उसले एउटा रुखमा भाले पोथी जुरेली चराहरुसँगे बसिरहेको देख्यो । उसले तीर हानेर भाले जुरेली चरालाई मारी घरमा ल्यायो । सदा झैं सुसुलालाबेप्पाले आमालाई सोध्यो -“ आमा, यो चराको मासु खानु हुन्छ कि हुँदैन ?”

आमाले मुजङना खेयोङनाले भनिन्-यो चराको मासु त खानु हुन्छ । तर तिमीले आज ठूलो पाप गऱ्यो ।”

छोरा सोध्यो-“ आमा, आज मैले त्यस्तो ठूलो पाप के गरे ?”

आमाले भनिन्-“ तिमीले भालेपोथी जुरेली चराहरु दुवै मारेको भए तिमीलाई पाप लाग्ने थिएन तर भालेपोथी जुरेली चराहरु सँगै बसिरहेको ठाउँमा भाले जुरेली चरामात्र मारेकाले आज तिमीले ठूलो पाप गऱ्यो । यो पापले गर्दा आइन्दा मानव जातिमा विधवाप्रथा रहनेछ ।” यति भनेपछि मुजिङना खेयोङनाले रुँदै आँसु झारिन् ।

त्यसलाई मारी तानमुनि सारी छोपी लुकाइराखिन् । त्यस बेला उनकी नोकर्नी थोसु योगमा पनि पँधेराबाट पानी लिएर आइपुगी र आफ्नी मालिकनीलाई पँधेरामा अति सुन्दर युवकलाई देखेको कुरा बताई । त्यही बेला युकफुङ साबाङकेम्बा र उनका कुकुरहरु त्यहाँ आइपुगे । ती कुकुरहरुले तानमुनि सिकारलाई सारीले छोपीराखेको संकेत आफ्नो मालिकलाई दिए । अत्यन्त सुन्दर युवक युकफुङ बाबाङकेम्बा युवती भएको ठाउमा गए र थोसु मुगुपलुङमा मोहित भइन् र आफूले लुकाइराखेको सिकारलाई त्यस युवकलाई आफू बसेको ठाउँमा बोलाइन् । युकफुङ साबाङकेमबा युवती भएको ठाउँमा गए र थोसु मुगुपलुङमाले साइनो केलाउँदा साइनो नलाग्ने भयो । त्यसपछि त्यो थारलाई काटकुट परी पकाइयो । पकुवा शिकारी देवतालाई चढाएपछि उनस्हरु सबे मिलेर जाँडरक्सीसँग मासु खाए । त्यसरात युकफुङ साबाङकेम्बा र थोसु मुगुपलुङमा एउटै ओछ्यानमा सुते । यसरी उनीहरु पाँच/ छ महिना बस्दा थोसु मुगुपलुङमालाई आफू गर्भवती भएको कुरा थाहा भयो । एक दिन थुसुमुगुपलुङमाले अमिलो पिरो खोज्न गए । त्यसबेला युकफुङ साबाङकेम्बा नोकर्नी थोसु योगसँग पनि सहवास भयो । उनी पनि गर्भवती भइन् ।अन्तमा थोसु मुगुपलुङमाबाट 'थोसु सुहाम्फेवा' र नोकर्नी थोसु योगमाबाट थोसु साम्दाङखेवा नाम गरेका दुई छोराहरुको जन्म भयो ।

यकफुङ साबाङकेम्बाको पेशा नै सिकार थियो । एकदिन कुकुरहरु लिई सिकार खेल्न दक्षिणतिरको देशमा गए । त्यहाँ पनि योसु फियात्लुङमा भन्ने मालिकनी र योसु भन्ने नोकर्नी थिए । सिकार पैल्याउँदै जाने क्रममा यकफुङ साबाङकेम्बाको उनीहरुसँग परिचय भयो । त्यहाँ केही दिन बस्दा उनीहरुको आपसमा प्रेम भावना जागृत भयो । पहिले मालिकनी योसु फियात्लुङमा र पछि नोकर्नी योसु गर्भवती भइन् । मालिकनी

तपाइँका उत्तरतिरका स्वास्नीहरुलाई भन्नुहोस् । उनीहरुले सातु चामल तयार गरिदिनेछन् ।"

उनीहरुले यकफुङ साबाङकेम्बाको लागि सातु चामल तयार गरिदिएनन् र सातु चामल नलिईकन उनी उत्तर हिमालयतिर लागे : जाने बेलामा उनीहरुले उनलाई सोधे -" हामीहरुलाई कसले पालनपोषण गर्छ ?"

त्यसपछि यकफुङ साबाङकेम्बाले जवाफ दिदै भने -" मालिकनी फियात्लुङमालाई नोकर्नी योसुले पालनपोषण गर्नु र छोरी लोहादोङनालाई छोरा लिङदाङखेवाले पालनपोषण गर्नु"

त्यस पछि यकफुङ साबाङकेम्बा उत्तरतिर लागे र मालिकनी थोसु मुगुपलुङमा र नोर्नी थोसु योगमा भएको ठाउँमा पुगे र उनले उत्तर हिमालयतिर सिकार खेल्न जान उनीहरुसँग सातु चामल मागे । अहिले भने - " हामीहरु तपाइलाई कुनै सातु चामल दिन सक्दैनौं । तपाईले दक्षिणतिरका स्वास्नीहरुसँग सातु चामल माग्नुहोस् ।"

त्यसपछि यकफुङ साबाङकेम्बा त्यहाँ बस्न चाहेनन् र बाहिर निस्कन खोज्दा उनीहरुले उनलाई सोधे-" हामीहरुलाई कसले पालनपोषण गर्छ ?"

यकफुङ साबाङकेम्बाले जवाफ दिदै भने-" मालिकनी थोसु मुगुपलुङमालाई नोकर्नी थोसु योगमाले पालनपोषण गर्नू, जेठा छोरा थोस सुहाम्फेबालाई छोरा थोसु साम्दाङखेवाले पालनपोषण गर्नू ।"

त्यसपछि यकफुङ साबाङकेम्बा सातु चामल नलिई कुकुरहरुको साथमा सिकार खेल्न उत्तर हिमालयतिर लागे । उनले जङ्गमा एउटा मृगलाई देखे । त्यसपछि उनी मृगलाई लखेट्दै मृगको पछि पछि गए । त्यो मृग ढाँडमा पस्यो । युकफुङ साबाङफेम्बा मृगलाई पछ्याउँदै गए । त्यो मृग

त्यसपछि हेन्कोचो र माक्कोचो मुजिङना खेयोङना भएको ठाउँमा पुगे । आफ्ना मालिकविना हेन्कोचो रमाक्कोचो आइपुगेको देखेर मुजिङना खेयोङनालाई शंका भयो र उनले ती कुकुरहरुलाई सोधिन् -'खोइ मेरो छोरा ?'

हेन्कोचो रमाक्कोचाको समचार सुनेर मुजिङना खेयोङनाको आँखाबाट अविरल आँसु झर्न थाल्यो । ती कुकुरहरुलाई लिई मुजिङना खेयोङना आफ्ना छोरा मरेको ठाउँमा गइन् । यस दुःखद घटनाले उनी शोकले व्याकुल भइन् । रुँदा रुँदा उको आँखानै सुक्यो । उनले रुँदै भनिन्-" हे मेरा छोरा, तिमीहरु दुईतिर स्वास्नीहरु राखेकाले र सौताहरुको रिसले गर्दा तिमी खान नपाएर मऱ्यौ ।"

त्यसपछि मुजिङना खेयोङनाले आफ्नो छोरालाई वरदान दिदै भनिन्-" तिम्रा खुट्टा भालु बाँस होउन् तिम्रा खुट्टाका औंला काँडा होउन् तिम्रा हत्केलाहरु माङलोकसिङ (जरिङगो) होउन् तिम्रो नाइटोमा गोपे बाँस उम्रियोस् । तिम्रो टुप्पीबाट युकी (जंजली कोदौ) उम्रियोस् । तिम्रो लिंग केरा होस् । तिम्रा अण्डाकोषहरु पिडालु होऊन् ।"

मुजिङना खेयोङनाले आफ्नो छोरालाई वरदान दिएपछि उनको लासलाई खाडलमा पुरी सद्गद् गरिन् । त्यसपछि युकफुङ साबाङकेम्बाका तरङखिया र ताङसाङखिया भन्ने कुकुरहरु जङ्गलमा पसे र तिनैका सन्तानहरु आज जङ्गलमा भालु ब्वाँसो र स्यालहरु हुन् भन्ने भनाइ छ । युकफुङ साबाङकेम्बाका हेन्कोचो र माक्कोचोका सन्तानहरु भने आजका घरेलु कुकुरहरु हुन् भन्ने भनाइ छ ।

थोसु साम्दाङखेवा र अर्को नोकर्नी योसुका छोरा लिङदाङखेवाको भेट भयो । जङ्गलमा चिनापर्ची गर्दा र कुराकानी गर्दा उनीहरु युकफुङ साबाङकेम्वाका दुईतिरका स्वास्नीहरुका सन्तानहरु हुन् भन्ने कुरा थाहाँ पाए । त्यसपछि मालिकनी थोसु मुगुलुङमाका छोरा थोसु सुहाम्फेवा र मालिकनी फियात्लुङमाकी छोरी लाहादोङनालाई आपसमा बिहे गराइदिने भनी उनीहरुको सल्लाह गरे । थोसु सुहाम्फेवा र लाहादोङनालाई हामी दाजुबहिनी हौं भन्ने कुरा थाहा थिएन ।

एक दिन नोकर्नी थोसु योगमा छोरा थोसु साम्दाइखेवाले मालिकनी थोसु मुगपलुङमा छोरा थोसु सुहाम्फेबालाई भने-“ हे दाजु दक्षिण देशमा लाहादोङना नाम गरेकी एउटी अति सुन्दरी युवति छिन् । तपाइँसँग जोडी मिल्छ । उनले पनि तपाईप्रति अगाध प्रेम देखाएकी छिन् र उनले तपाईलाई अम्लारी पेतारी (झोला) दिन्छु भनेकी छिन् ।”

त्यस्तै गरी नोकर्नी योसुका छोरा लिङदाङदेखेवाले मालिकनी फियनथ्लुङकी छोरी लाहादोङनालाई भने-“ हे दिदी, उत्तर देशमा थोसु सुहाम्फेबा नाम गरेका एक जना अत्यन्त सुन्दर युवक छन् । तपाईसँग जोडी मिल्छ र उनले तपाईलाई अगाध प्रेम गर्छन् । उनले तपाईलाई काँगियो र मुर्चुङ्गा दिन्छु भनेका छन् ।”

त्यसपछि एकदिन उनीहरुले थोसु सुहाम्फेबा र लाहादोङनालाई भेट गराए । थोस सुहाम्फेवाले काँगियो र मुर्चुङ्गा उनीहरुले दिन लगाए । उनले लाहादोङनाको कपालमा काँगियो सिउरे र छातीमा मुर्चुङ्गा लगाइदिए । त्यसपछि लाहादोङनालाई उनीहरुले झोला

नोकर्नीका छोराहरुले जिद्दी गर्दा थोसु सुहाम्फेबा र लाहादोङनाले विवाह गरेको कुरालाई स्वीकार गरे तर उनीहरुलाई हामीहरु दाजुबहिनी हौं भन्ने कुरा चाहिं थाहा थिएन । बाबु युकफुङ साबाङकेम्बाले दाजु र दिदीको पालनपोषण गर्नु भनी नोकर्नीहरु तर्फका छोराहरुलाई जुन जिम्मेवारी दिएर सिकार खेल्न गएका थिए यो विवाहपछि उनीहरु त्यस जिम्मेवारीबाट पन्छिए । थोसु सुहाम्फेबा र लाहादोङनाको बिहे भएपछि सहवास हुँदा उनीहरु कुकुर कुकरर्नी जस्तै जोल्ठिए । त्यसपछि उनीहरुले हाडनातामा बिहे गरेका रहेछन् भन्ने कुरा थाहा पाए र ओढारमा नै बस्न थाले । त्यहाँ उनीहरुले अठार जना छोराहरु हुर्काए ।

एक छिनपछि शुक्रग्रह आइपुगे । आ।नो भएको व्यहोरा कुकुरले शुक्रग्रहलाई बिन्ती चढायो । शुक्रग्रहले भने-“ म न्याय त गर्छु तर उनीहरु चेली माइतीसँग बिग्रेको हो कि होइन बूभ्न पठाउँछु । तिमी बस्दै गर ।”

यसरी कुकुरलाई थम्थमाए पछि शुक्रग्रहले चिल्लीख्यामा (एक प्रकारको चलाक चरो) लाई चेली माइतीसँग बिग्रेको हो होइन र कुकुरलाई कुटेको हो होइन बुभ्न पठाए । चिल्लीख्यामा थोसु सुहाम्फेबा र लाहादोङनाको घरमा पुगे । त्यहाँ घरको ढोका बन्द थियो । बाहिर चिल्लीख्यामा कराउँदै रुखमा बसिरहे । आठौं दिनमा मात्र ढोका खुल्यो । चिल्लीख्यामा घरभित्र पसी हेर्दा अठार जना बालकहरु भेटाए र उनीहरु चेली माइतीसँग संसर्ग गरी जन्मेका कुरा पनि पत्ता लगाए । लाहादोङनाले कुकुरलाई पनि कुटेको कुरा चिल्लीख्यामाले पत्ता लगाएपछि फर्के । उनले शुक्रग्रहलाई सबै कुराहरु बताए । शुक्रग्रहले आकाश, हावा, पृथ्वी, जल आदि पंच भलादमीहरुलाई सभामा बोलाए । सभामा छलफल हुँदा अपराधीहरु चेली माइती हो भन्ने कुरामा अन्जान थिए । कुटुनी साम्दाङखेवा र लिङहाङखेवाको जाल भएकाले यिनीहरु निर्दोष हुन् । त्यसकारण यिनीहरुलाई ठूलो दण्ड दिन नमिल्ने तर अब यिनीहरुलाई लोग्नेस्वास्नी भई रहन नदिने निर्णय भयो । यसरी कुकु।ले पोल खोलिदिएकाले थोसु सुहाम्फेबा र लाहादोङनाले छुट्टि नुप~ यो । लाहादोङनालाई कुकुरसँग रिस उठ्यो र कुकुरलाई सराप दिदै भनिन् “ तिमीहरुको यौन सम्पर्क हुँदा धेरै समयसम्म जोल्ठिनुपरोस् ।”

बनाउन लगाए । चालनीबाट छिरेका लाहादोङनाको भागमा र चालनीबाट नछिरेको थोसु सुहाम्फेबाको भागमा भनी उनीहरुले बाचा बन्धन गर्न लगाए । चालनीबाट आठ जना छोराहरु छिरी झरे र उनीहरु लाहादोङनाको भागमा परे । बाँकी दस जना चालनी माथि नै रहे । लाहादोङनाले चालनीमाथिका एकजनालाई हातले समाती तानिन् । थोसु सुहाम्फेबा " होइन चालनीमा नछिरेकाले मेरो हो " भनी तानतान गर्दा त्यही च्यतिई मऱ्यो । त्यो मर्ने छोरालाई केराका फेदमा दाह संस्कार गर्दै दुवै जनाले यस्तो वरदान दिए " जुम्ल्याहा बच्चाहरु जन्मँदा बगाउने तिम्रो अधिकार होस् । मानिसमा पुड्को हुने रोगलाई निको पार्ने तिम्रो अधिकार होस् "

चालनीबाट छिरेका थोसु सुहाम्फेबा र लाहादोङनाका आठ जना छोराहरु पृथ्वीमा आए । उनीहरुलाई नै यत हाँग (आठ राजाहरु) भनिन्छ । उनीहरुका सन्तानहरुलाई नै तुतु तुम्यांग हांग (आदिमानव) भनिन्छ । उनीहरु माटो ढुङ्गाबाट सृष्टि भएका, बाख्राको बडकेउलाले भारी पुग्ने, उनिउको बोट बन्चरोले ढाल्ने, खोर्सानीको बोटमा झटारो हान्नैं, सुँगुर जस्तै फैलिने मानवहरु थिए भनी किराँत मुन्धुममा उल्लेख छ ।

चलनीमाथि रहो दसजना छोराहरुमध्ये एकजनालाई बाबु र आमालाई तानतान गर्दा मरे र बाँकी नौं जना छोराहरु थोसु सुङाम्फेबाको देश (स्वर्ग) मा गए र तिनीहरु नौ ऋषिहरु भई त्यहाँ रहन थाले ।

आठ राजहरु) ले काँचो खाद्य पदार्थ खाएर जीवन बिताउनुप्ऱ्यो । यसले गर्दा उनीहरुको स्वास्थ्य र मनस्थिति बिग्रेर गयो । यसरी सधै काँचो अन्न, भ्याकुर मासु खानुपर्दा एक दिन आमा लाहादोङनाले छोराहरुलाई भनि -" तिमीहरु सधैं काँचो खाद्य काँचो खाद्य पदार्थ खानाले तिमीहरु बहुलाउन लागेको देख्छु । खानेकुराहरु पकाएर खाऊ तिमीहरुले बाबुको देशमा आगो छ र लिन जाऊ ।"

आमाको यस्तो कुरालाई अरु छोराहरुले ध्यान दिएनन् तर कान्छो छोरा सेछेर सुनिहांगले मात्र आगोले पोली पकाई खाएमा राम्रो होला भनी बाबुको देश सोध्न थाले ।

कान्छा छोरा सेछेरे सेनिहांगले आमालाई भने-बाबुको देश कहाँ हो मलाई थाहा छैन र बाबुलाई पनि म चिन्दिन । त्यस कारण आगो लिन म आमासँगै जान्छु र आमाले पनि गइदिनुप्ऱ्यो ।"

यसरी कान्छा छोराले धेरै पल्ट आग्रह गरेपछि आमा जान तयार भइन् र भनिन्-छोरा सेछेरे सेनिहांग, जानलाई त जान्छु तर तिम्रो बाबुसँग बाचा बन्धन गरी छुटेका हौं । त्यहाँ आमा पनि मसँग आएकी छिन् नभन्नू ।"

त्यसपछि आमाछोरा आगो लिन स्वर्गमा गए । लाहादोङना चाहि सिस्नोका भ्याङमा लुकिन् र छोरा सेछेर सेनिहांगलाई बाबुसँग आगो माग्न पठाइन् ।

सेछेरे सेनिहांग बाबुको यस्तो दयादेखि अत्यन्त खुसी भए । बाबुले पनि छोरासँग भलाकुसारी गर्न थाले । बाबुले सोधे -" छोरा , तिम्री आमा कस्ती छिन् ? कहाँ छिन् ?"

सेछेरे सेनिहांगले आफूसँग आमा आएको र आमा सिस्नोको भ्याङमा लुकिराखेको कुरा बाबुलाई बताइदिए । सेछेरे सेनिहांग खुसी हुँदै स्वर्गबाट आगो लिई पृथ्वीमा झरे । यसरी सेछेरे सेनिहांगले स्वर्गबाट आगो ल्याई पृथ्वीमा बस्ने मानवजातिको कल्याण गरे ।

पञ्च भलादमीहरुले छुट्टाएपछि कयौं वर्षसम्म थोसु सुहाम्फेबा र लाहादोङनाको भेट भएको थिएन तर छोरालाई बाटो देखाउन र छोरालाई आगो उपलब्ध गराउने उद्देश्यले आउँदा उनीहरुको फेरि भेट भयो । सत्य बाचाको उल्लंघन गरी उनीहरुले भेट गरेकाले त्यही उनीहरु सिस्नोको बोटमा बस्नुपऱ्यो । केही समयपछि उनीहरुले त्यहाँ हाड नभएको बच्चा जन्माए । सत्य बाचाले उल्लङ्घन गर्नेहरुका हाड नभएका बच्चाहरु जन्मन्छन् भनी अझै पनि लिम्बू बूढापाकाहरु भन्छन् ।

बोक्रा पच्न नसकेर सौतेनीकी छोरी भुँडी सधै दुख्दथ्यो । तिनले आफ्नो बाबुलाई सधै भन्थिन्-“ आ-सा-पो तुक तुक” (मेरो भुँडी दुख्दैछ) ।

एक दिन गाउँ डुलेर आउँदा बाबुलाई देख्नासाथ जेठी स्वास्नी तर्फको सानी छोरी मायालाग्दो तरिकाले बरबर आँसु झार्दै रोइन् । आफ्नी छोरी त्यसरी रोएकी देखेर उनले कान्छी स्वास्नीलाई हर्कादै भने -“ क्या हो ? तिमीहरुले यसलाई खान दिएका छैनौ ।”

कान्छी स्वास्नीले झोक्किएर भनिन्-“ यसले प्रशस्त घिचिसकी ! तिम्री छोरी नै असन्तोषी छे । मैले के गरुँ ?”

लोग्नेलाई पनि के दोष ? सधै बाहिरको काममा खट्नुपरेकाले उनलाई आफ्नी कान्छी स्वास्नीले जेठी स्वास्नीकी छेरीलाई सधैं पिडालुको बोक्रा खुवाउँथिन् भन्ने कुरा थाहा हुन सकेन तर आफ्नी छोरीको अवस्था भने दिनदिनै बिग्रेर गयो ।

एक दिन बाबु परदेशबाट घर आइपुगेका बखत आफ्नी छोरी मरणसन्न अवस्थामा थिइन् र छोरीले बाबुलाइ देख्नासाथ रुँदै सबै कुराहरु वतइन् । बाबुले कान्छी स्वास्नीलई हकार्दै भने -“ मेरी छोरीलाई तँ पिडालुको बोक्रा खुवाउने ?”

कान्छी स्वास्नीले पनि रिसले चूर भै भनिन्-“ तपाईकी छोरीलाई केही भएको छैन ।”

त्यसपछि उनले सौतनी छोरीलाई हातमा समातेर के उठाउन खोजेकी थिइन् भुँडी च्यातियो र पिडालुको बोक्रा बाहिर निस्क्यो । त्यही बोक्रा पखेटा बन्यो र सानी छोरी कुर्ले ढुकुर भई उडिन् । हिजो आज पनि कुर्ले ढुकुर मलिन अनुहार लिई आ-सा-पो तुक तुक (मेरो भुँडी दुख्दैछ) भन्दै कुर्लेको सुनिन्छ भन्ने भनाइ छ ।

---

चिनुरावा भन्ने उनका मन्त्री थिए । उनी अत्यन्त चतुर थिए । एक दिन मन्त्री चिनुरावाले राजा खोयाडलाई भने -“ महाराज ! हाम्रा जनता साह्रै चिढिएका छन् । अब हजुरले पञ्च भलादमीहरुका कुरा पनि सुन्नुपर्छ । पञ्च भलादमीहरुले भनेका कुराहरु पुग्छन् ।”

राजा खोयाडले झर्केर भने -“ ती पञ्च भलादमीहरु को हुन् ? उनीहरुलाई मेरो अगाडि ल्याऊ । उनहिरुले भनेका कुराहरु कसर ी पुग्दा रहेछन् ?हेरौं ।”

राजा खोयाडले यस्तो कुराई सुनेर मन्त्री चिनुरावाले भने -“ पञ्च भलादमीहरुले भनेका कुराहरु सत्य साबित भएमा हजुरको जनताको राय मान्छु भनी बाचा बन्धन गर्नुहोस् ।”

राजा खोयाडले त्यस कुरालाई मुन्जुर गरे ।

चिनुरावाले थिन्दाङ देशका तातो तुम्दाङ, फेजिकुम, साम्बा इप्लिबा, साम यपथबा र माउहिमगु औसी नाम गरेका पञ्च भलादमीहरुलाई सोधे-“ हे पञ्च भलादमीहरु ! तिमीहरुले भनेको कुरा पुग्छ भनी मन्त्री चिनुरावाले मलाई भनेको छ । त्यस कारण घ्याम्पाभित्र के छ तिमीहरुले भन्नुपर्‍यो ।”

ती पञ्च भलादमीहरुले सल्लाह गरी एकमतले भने-“ सरकार , यस घ्याम्पाभित्र अजिङ्गर सर्प छ ।”

भलादमीहरुलाई सोधे-"  यो लहुरोको फेद कतातिर छ ?"
ती पञ्च भलादमीहरुले लहुरोको फेद पत्ता लगाउन एक दिनको समया मागे र राजले उनीहरुलाई स्वीकार गरे । त्यसपछि ती पञ्च भलादमीहरुले तलाउमा त्यो सखुवाको लहुरो राखे । लहुरोको फेद टुप्पाभन्दा केही बढी पानीमा डुब्यो । त्यसपछि लहुरो फेद कतापट्टि पर्दोरहेछ भन्ने कुरा उनीहरुले थाहा पाए र राजालाई बताए । राजाले तेश्रोपल्ट पनि हार स्वीकार गर्नु प-यो ।

त्यसपछि राजा खोयाङले आफ्नो क्रूर शासन छोडी ती पञ्च भलादमीहरुलाई आफ्नो मन्त्री बनाई जनताको रायअनुसार राज्य सञ्चालन गरे ।

जिउँदै रहिछन् । नातिले बजैलाई ओढारबाट फेरि बोकेर ल्याए र उनलाई खोलामा बगाइदिए । खोलाले बजैलाई बगाउँदै लग्यो र एक ठाउँमा खोलाका बीचमा उनले ढुंगामा दुवै हातले समाती अड्कीरहेकी थिइन् । त्यसैबेला त्यहाँ नाति आइपुग्यो र बजैलाई त्यस्तो अवस्थामा देखेर उनले सोधे-" बज्यू, तपाईलाई भोक लागेको छ ?"

बजैले भनिन् -" हो बाबु ! मलाई भोक लागेको छ ।"

नातिले भने -" तपाईलाई कति खानेकुरा चाहिन्छ हातले इसारा गरेर बताइदिनोस् । म घरमा गई बजैका लागि मीठा खाने कुराहरु तुरुन्त ल्याइहाल्छु नि ।"

बजैले मलाई यति खाने कुराहरु चाहिन्छ भनेर हातले इसारा गर्दा तिनका दुवै हातहरु ढुंगाबाट खुस्के र खोलाले फेरि बजैलाई बगाइहाल्यो । ती बजैले सधै लामो चुल्ठो बाट्थिन । उनको ठूलो मुख थियो । उनले आफ्नो ओठमा ठाढो तीन धर्का खोपेकी थिइन् । यसरी खोलाले बजैलाई बगाएपछि उनी पापो माछा (गोँज माछा) भइन् । पापो माछा चुल्ठो बाटेको

आकारको हुन्छ । त्यसको मुख ठूलो हुन्छ र ओठमा तीन धर्का हुन्छ । पापो थरका लिम्बूहरु त्यसलाई बजै ठान्दछन् र त्यो माछा उनीहरु आजसम्म पनि खाँदैनन् ।

---

फालिदिइन् । एकदिन आफ्नी छोरीलाई सम्झँदै रुदै आमाले च्याऊ घाममा सुकाउँदै थिइन्। आफूले सूकाएका च्याउ घामले सुकाएपछि थोरै भएको देखी आमालाई वास्तविक कुरा थाहा भयो । त्यसपछी उनी आफ्नी छोरीलाई कुटी मारेकोमा आमालाई झन् पश्चात्ताप भयो । त्यसपछि उनी आफ्नी छोरीलाई हेर्न दहमा गइन् । त्यहाँ उनले माछाहरु रमाइलो गरी खेलिरहेका र कुनै सुतिरहेका देखिन् । त्यहाँ उनले आफ्नी छोरीको लासलाई नि देखिन् । उनले के ठानिन् भने दहभित्र मेरी छोरी सुतिरहेकी छिन् र छोरीलाई धेरै बेर हेरिरहन्थिन् र त्यसपछि घर फर्किन्थिन् । जंगलमा फलफुल, कन्दमूल र च्याउ खोज्न जाँदा जहिले पनि एकपटक दहमा छोरीलाई हेरी उनी घर फर्किन्थिन् । एक दिन ठूलो बाढी आयो र  छोरीलाई बगाई लग्यो । सदा झैं जाँदा आमा आफ्नी छोरीालाई दहमा हेर्नजाँदा दहको धमिलो पानी गर्दा उनले छोरीलाई देखिनन् । उनी दहभित्र चुर्लुम्म डुबिन् र बाढीले उनलाई पनि बगाई लग्यो आफ्नो मृत्यु पश्चात् पछि छोरीको सम्झनाले आमाको दिवंगत आत्मालाई सताइ रह्यो । त्यसपछि उनी अर्को जन्ममा सेमेकवा चरी भई जन्मिन् आज पनि जब जब पानी पर्छ र बाढीले खोलो पानी धमिलो हुन्छ तब तब सेमेकवा चरी सेमेक सेमेक भनी रुँदै कराउँछ । सेमेकवा चरी घरवरिपरि कराउँदा त्यसलाई धपाई पठाउने चलन लिम्बूहरुमा अझै विद्यमान छ, किनभने त्यो चरी कराएमा घरका केटाकेटीहरु बिरामीहरु हुन्छन् र मर्छन् भन्ने कुरामा विश्वास गरिन्छ । त्यो चरी सेमेक सेमेक भनी कराउँछ र से-मेक-से-मेक भनेको लिम्बू भाषामा ‘मरी गयो है’  भनेको हो र आफ्नो छोरीलाई कुटी मारेको पश्चतापमा आमा रोएको रे भनी लिम्बू बूढापाकाहरु भन्दछन् । त्यस कारण जस्तै रिस उठे पनि बिगार गरे पनि सा-साना केटाकेटीहरुलाई नकुट्नु भनी लिम्बू बूडापाकाहरु भन्छन् ।